# दण्ड जरिवानाको असुलीको जिम्मेवारी र यसको वैकल्पिक व्यवस्था सम्बन्धी संभाव्यता अध्ययन प्रतिवेदन

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजु, काठमाण्डौ

प्रकाशन संख्या: ११८


# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैजु, काठमाण्डौ

फोन: ९७७-१-४०२७४४९/४५०२७४५१ फ्याक्स नं. : ९७७-१-४०२७१४०

पोष्ट बक्स नं. २४८६५

Email: info@njanepal.org.np

URL: www.njanepal.org.np

सिटी अफिस :

हरिहरभवन, ललितपुर

फोन: ९७७-१-५५३७५१६/५५४९०५७

# दण्ड जरिवानाको असुलीको जिम्मेवारी र यसको वैकल्पिक व्यवस्था सम्वन्धी संभाव्यता अध्ययन प्रतिवेदन

**पेश गरिएको:**

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

**पेश गर्ने अध्ययन समूह:**

श्री पारस पौडेल, संयोजक

श्री वेदप्रसाद उप्रेती, बिज्ञ सदस्य

श्री राजेश बास्तोला, सदस्य

**डिजाइन लेआउटः** श्री प्रतिभा राई

**प्रकाशन प्रतिः** ५००

**प्रकाशन सालः** २०८०

**प्रकाशकः** राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैंजु, काठमाण्डौ, नेपाल

**मुद्रकः** एन.आर.एस. प्रिन्ट सर्भिष

**सर्वाधिकारः** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

# प्राक्कथन

अदालत वा न्यायिक निकायबाट भएको अन्तिम फैसलालाई सम्बन्धित कानूनले निर्धारण गरेको प्रक्रिया अवलम्बन गरी गरिने कार्वाही नै फैसलाको कार्यान्वयन हो। फैसला कार्यान्वयन न्यायिक प्रक्रियाको महत्वपूर्ण र अन्तिम चरण हो। कुनै पनि विवादमा न्याय भयो कि भएन भन्ने विषयलाई फैसला कार्यान्वयनको अवस्थाले उजागर गर्दछ। फौजदारी कानून र न्याय प्रणाली साधारणतय दण्ड र जरिवानाको सिद्धान्तमा टिकेको हुन्छ। यसरी न्याय प्रणालीमा फैसला न्याय सम्पादनको माध्यम हो भने फैसला कार्यान्वयनलाई नै न्यायको अनुभूति गर्ने एक उद्देश्यको हो।

वर्तमान अवस्थामा फौजदारी न्यायको अभिन्न अङ्गको रुपमा रहेको दण्ड जरिवानाको असुलीको जिम्मेवारी न्यायालय मातहतमा जिल्ला अदालतबाट हुँदै आएकोमा यस अध्ययन अनुसन्धानले दण्ड जरिवना असुलीको कानूनी तथा नीतिगत व्यवस्था के कस्तो छ, यसको वर्तमान अवस्था कस्तो छ, सम्बन्धित निकायको अवस्था कस्तो छ र अन्तराष्ट्रिय असल अभ्यास के छ भन्ने विषयमा रही नेपालको अभ्यास र सर्वोत्तम उपाय के हुन सक्छ भन्ने विषयमा केन्द्रित रहेको छ। यस अनुसन्धानमा दण्ड जरिवाना असुलीमा प्रत्यक्ष रुपमा कार्यरत प्रत्येक जिल्ला अदालतका तहसिल शाखाहरुमा कार्यरत तहसिलदारहरुलाई प्रश्नावलीहरुको माध्यमबाट अनुभव तथा आवश्यक्ता औंल्याई यस अध्ययन अनुसन्धानमा समावेश गरिएको छ। यस अनुसन्धानलाई अझ थप प्रभावकारी बनाउनका लागि विभिन्न चरणमा सरोकारवाला निकाय र त्यहाँ कार्यरत जनशक्तिहरुसँग परामर्श र वैठक समेत गरी सूचना सङ्कलन गरिएको छ।

मिश्रित Doctrinal Method र Non-Doctrinal Method बाट भएको यस दण्ड जरिवानाको असुलीको जिम्मेवारी र यसको वैकल्पिक व्यवस्था सम्वन्धी संभाव्यता अध्ययन प्रतिवेदनले पक्कै पनि नेपालमा दण्ड जरिवाना असुलीको कानूनी तथा संस्थागत अवस्था के कस्तो रहेको छ र यसमा के कस्ता अवसर तथा चुनौतीहरु रहेका छन् सो विषयलाई उजागर गर्ने छ। त्यस्तै यसलाई चुस्त, दुरुस्त, समयसापेक्षा र प्रभावकारी बनाउनका लागि हुन सक्ने वैकल्पिक व्यवस्थाहरुको समेत विश्लेषण गरी प्रस्तुती गर्ने जमर्को गरिएको छ। न्याय सम्पादन तथा न्यायको अनुभूतिको निकै महत्वपूर्ण पाटो भएता पनि खासै अध्ययन तथा अनुसन्धान नभएको यस विषयले पक्कै पनि आउने दिनहरुमा थप अध्ययन तथा अनुसन्धानका लागि स्रोत सामाग्रीको रुपमा समेत आफ्नो स्थान बनाउन सफल हुने कुरामा प्रतिष्ठानको अपेक्षा रहेको छ।

<u>अध्ययन समूहको तर्फबाट</u>

पारस पौडेल
संयोजक

# विषय सूची


| | | |
|---|---|---|
| **परिच्छेद-एक**<br><br>**प्रारम्भिक** | | |
| १.१ | पृष्ठभूमी | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययनको सीमा | ४ |
| १.५ | अध्ययनको विधि | ४ |
| १.६ | नमूनाको आकार | ४ |
| १.७ | अध्ययनको ढाँचा | ४ |
| **परिच्छेद-दुई**<br><br>**पूर्व अध्ययन समिक्षा** | | |
| २.१ | फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायाहरु (अनुसन्धानमूलक अध्ययन प्रतिवेदन) राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६५ | ६ |
| २.२ | "सुदृढ अदालत व्यवस्थापन र न्यायिक सुशासनः हाम्रो प्रतिवद्धता", स्मारिका २०७७ | ६ |
| २.३ | सर्वोच्च अदालतको रणनीतिक योजनाहरु | ७ |
| २.४ | सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७८/७९ | ७ |
| २.५ | फैसला कार्यान्वयन सम्बन्धी जानकारी पुस्तिका | ७ |
| २.६ | Enforcement of Judgement by Calrie Sandbrook, Sweet and Maxwell | ८ |
| **परिच्छेद-तीन**<br><br>**कानूनी तथा नीतिगत व्यवस्था** | | |
| ३.१ | संवैधानिक व्यवस्था | ९ |
| ३.२ | कानूनी व्यवस्थाहरु | ९ |
| ३.३ | सर्वोच्च अदालतको रणनीतिक योजना | १२ |
| ३.४ | सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजीरहरु | १३ |

| | | |
|---|---|---|
| **परिच्छेद-चार** **अन्तराष्ट्रिय व्यवस्था** | | |
| ४.१ | कमन लिगल प्रणाली (Common Legal System) | १५ |
| ४.२ | सिभिल लिगल प्रणाली (Civil Legal System) | १६ |
| **परिच्छेद-पाँच** **तथ्याङ्क सङ्कलन तथा विश्लेषण** | | |
| ५.१ | विभिन्न अदालतमा रहेका दण्ड जरिवानाको असुल, फछ्र्यौट र बाँकीको विवरण | १८ |
| ५.२ | विभिन्न अदालतमा रहेका कैदको असुल, फछ्र्यौट र बाँकीको विवरण | १९ |
| ५.३ | अदालतका तहसिलदारहरुको धारणा | १९ |
| ५.४ | फैसला कार्यान्वयनसँग सम्बन्धित जनशक्तिसँगको परामर्श वैठक | २२ |
| **परिच्छेद-छ** **निष्कर्ष र सुझाव** | | |
| ६.१ | निष्कर्ष | २८ |
| ६.२ | सुझाब | २९ |
| | **अनुसूचीहरू** | |
| अनुसूची-१ | दण्ड जरिवानाको असुल फछ्र्यौट र बाँकीको विवरण | ३१ |
| अनुसूची-२ | कैदको असुल फछ्र्यौट र बाँकीको विवरण | ३६ |
| अनुसूची-३ | प्रश्नावली | ४२ |
| | सन्दर्भ सामग्री | ४३ |

# परिच्छेद - एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमी

अदालत वा न्यायिक निकायबाट भएको अन्तिम फैसलालाई सम्बन्धित कानूनले निर्धारित गरेको प्रक्रिया अवलम्बन गरी गरिने कारवाही नै फैसलाको कार्यान्वयन हो। फैसला कार्यान्वयन न्यायिक प्रकृयाको एउटा महत्वपूर्ण र अन्तिम चरण हो। फैसला कार्यान्वयन पश्चात पीडितले न्यायको अनुभूती प्राप्त गर्ने हुनाले फैसला कार्यान्वयन नै न्यायको वास्तविक धरोहर हो। फैसला न्यायको पक्षमा गरिएको उदघोष हो भने फैसला कार्यान्वयन त्यसको पूर्णता हो।[१] व्यक्तिका कानून प्रदत्त हक अधिकारमा कसैबाट आघात परेको अवस्थामा फैसलाको माध्यमबाट त्यस्ता हक अधिकारलाई पुनस्थापित गरिन्छ। फैसलाले स्थापित गरेका हक अधिकारलाई अदालतको तहसिल शाखाबाट प्रचलन गराउने कार्यलाई फैसला कार्यान्वयन भनिन्छ। फैसलाले मुद्दाका पक्षहरुको हक र अधिकारीको उद्घोषण मात्र गर्ने भएकाले फैसाल कार्यान्वयन पछि नै न्याय पाएको अनुभूती हुन्छ। फैसलाको उचित कार्यान्वयन नभएमा फैसला निरर्थक हुन जाने हुँदा पूर्ण न्यायको लागि समयमै फैसाला कार्यान्वयन हुनु अनिवार्य मानिन्छ। जुनसुकै तहको अदालतले गरेको फैसला वा मिलापत्रको कार्यान्वयन शुरु फिरादपत्र वा उजुरी दायर भएको जिल्ला अदालतको तहसिल शाखाबाट गर्नु पर्दछ।[२]

फौजदारी न्याय प्रशासन दण्ड वा जरिवानाको साहारामा चलेको हुन्छ। कसूरदार वा पिडकलाई सजाय निर्धारण गरि सो को सफल कार्यान्वयनबाट मात्र न्यायको उद्देश्य पुरा हुन्छ र पिडितले न्याय पाएको महशुस गर्दछ। दण्ड सजाय भित्र कैद, जरिवाना, क्षतिपूर्ति, सरकारी बाँकी असुली, सम्पति जफत तथा न्यायिक टिप्पणीको कार्यान्वयन जस्ता विषय पर्दछन्। सजायका यि सबै प्रकारहरुको सफल कार्यान्वयनबाट मात्र शान्तिपूर्ण समाजको प्राप्ति, दण्डहिनताको अन्त्य तथा विधिको शासन कायम गर्न मद्धत पुग्ने देखिन्छ।

प्रचलित नियम कानूनको अधिनमा रही सम्बन्धित निकायले मुद्दा मामिलाको शिलशिलामा ठहर फैसलामा सजायको रुपमा उल्लेखित कुरालाई दण्ड जरिवाना भनिन्छ। कुनै पनि मुद्दाको फैसलामा दण्ड जरिवाना एक महत्वपूर्ण विषयको रुपमा पाउन सकिन्छ। समान्यतयः दण्ड जरिवाना प्रस्तुत तथ्यमा कानूनको उल्लङ्घन गरेको अवस्थामा वा कानूनी जिम्मेवारी पूरा नगरेको अवस्थामा सम्बन्धित निकायले कानूनको रोहमा निर्धारण गर्ने विषय वस्तु हो। फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५२ र देवानी कार्यविधि संहिता, २०७४ को दफा २३० ले नियमित अदालतका फैसला वा आदेशको कार्यान्वयन सम्बन्धित जिल्ला अदालतले गर्ने र अन्य निकायबाट भएका फैसला वा आदेश कार्यान्वयन सम्बन्धित निकायले नै गर्ने भनि व्यवस्था गर्नुका साथै फैसला वा आदेश कार्यान्वयन गर्ने जिल्ला अदालत यकिन हुन नसकेमा पुनरावेदन सुन्ने अदालतले तोकेको जिल्ला अदालतले फैसला कार्यान्वयन गर्ने भनि गरेको व्यवस्थाले कार्यान्वयन गर्ने निकायका सम्बन्धमा रहेको अन्यौल र द्विविधा हटाएको छ।

---

[१] रजिष्ट्रार, स्रेस्तेदार तथा तहसिलदारहरूको प्रथम राष्ट्रिय सम्मेलन, स्मारिका, सर्वोच्च अदालत २०७६ ।

[२] फैसला कार्यान्वयन सम्बन्धी जानकारी पुस्तिक https://supremecourt.gov.np/scjed/page/legalmaterials_scjed (Accessed on Jan 3 2023).

दण्ड जरिवानाका केही विकल्पहरु अभ्यासमा देखिन्छन्। प्यारोल, प्रोवेशन सामुदायिक सेवा तथा खुला कारागार जस्ता सुधारात्मक विधि २० औं शताब्दी देखि फौजदारी न्यायमा परिवर्तित मान्यता विश्वव्यापी रुपमा विकास भएको देखिन्छ। यसको फलस्वरुप नेपालमा जारी भएको पछिल्लो फौजदारी संहिता कानूनहरुमा प्यारोल प्रोवेशन सामूदायिक सेवा खुला कारागार जस्ता दण्डका सुधारात्मक विधि अपनाउन कानूनले बाटो खोलिदिएको भएता पनि यसको कार्यान्वयन हुन सकेको छैन। साना तिना फौजदारी अपराधमा कैदको सट्टा जरिवाना वा आर्थिक शुल्क तिरेमा कैदमै वस्नु नपर्ने अवस्था सृजना गर्न सकिएमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को दण्डको कार्यान्वयन हुन जान्छ। कारागारको भिडभाड तथा व्यवस्थापनमा समेत सहज हुन जान्छ। दण्डको सुधारात्मक विधि अपनाउने भन्दैमा सबै अपराधलाई उदाररुपमा प्रयोग गर्दा दण्डको उद्देश्य नै समाप्त हुने डर हुन्छ। आधुनीक फौजदारी न्याय प्रणालीको दण्डको मान्यता गाम्भिर्यताको आधारमा सजाय निर्धारण हुनु पर्दछ।

फौजदारी मुद्दाको फैसला कार्यान्वयनका मा देहाय बमोजिमका मूख्य कार्यहरु गर्नु पर्ने देखिन्छः

- कैदको लगत कस्ने
- जरिवाना
- सरकारी बाँकी
- सरकारी विगो
- जफत
- क्षतिपूर्ति
- न्यायिक टिप्पणी
- सामूदायिक सेवा
- कैदी पूर्जि जारी लगायतका व्यवस्थापनकिय कार्यहरु

यसरी नेपालको सन्दर्भमा फैसला कार्यान्वयनको जिम्मेवारी पनि न्यायापालिकाले नै बहन गर्नु पर्ने गरी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद-१५ मा व्यवस्था गरिएको छ। जिल्ला अदालतको कार्यक्षेत्र भित्र यसलाई समावेश गरिएको हुनाले जिल्ला अदालत नियमावली, २०७५ को परिच्छेद १० मा फैसला कार्यान्वयन सम्बन्धी छुट्टै व्यवस्था गरी फैसला कार्यान्वयन गर्नुपर्ने सम्बन्धी सम्पूर्ण काम तहसिलदारको जिम्मेवारीमा तहसिल शाखाबाट हुने व्यवस्था गरिएको छ। त्यसैगरी सर्वोच्च अदालत नियमावली, २०७५ को नियम १२९ ले सर्वोच्च अदालत र मातहत अदालतबाट भएको फैसला कार्यान्वयन गर्ने गराउने र सो कार्यको अनुगमन समेत गर्न फैसला कार्यान्वयन निर्देशनालयको व्यवस्था गरेको पाइन्छ।[३] यसरी कानूनी व्यवस्थालाई हेर्दा दण्ड जरिवाना असुली समेत फैसला कार्यान्वयनको अभिन्न अङ्ग भएकोले सो जिम्मेवारी समेत सम्बन्धित जिल्ला अदालतको भएको पाइन्छ।

फैसला कार्यान्वयन निर्देशनालयको वार्षिक प्रतिवेदन, २०७६ र २०७७ को जरिवाना असुलीको तथ्याङ्क हेर्दा फछयौंट प्रतिशत क्रमश: २४.७८% र १४.७९% रहेको छ। यसैगरी कैद असुली तर्फ २०७६ र

[३] ऐऐ ।

२०७७ को तथ्याङ्क हेर्दा प्रतिशत फछ्यौट क्रमश: ३३.४९ र २६.५५ भएको देखिन्छ।[४] यसरी तथ्याङ्क हेर्दा पनि दण्ड जरिवानको असुलउपर अपेक्षा अनुसार भए गरेको पाउन सकिन्न। यो सन्दर्भमा यस अध्ययनले प्रचलित कानूनको पर्यापतताको विषयमा अध्ययन अनुसन्धानका लागि निकै सान्दर्भिक भएको छ। त्यस्तै वर्तमान अवस्थामा संसारका अन्य राष्ट्रहरुमा भएका असल अभ्यासहरुको समेत अनुसन्धान गरी दण्ड जरिवाना असुल उपर गर्नका लागि नेपालको लागि के कस्ता वैकल्पिक उपायहरु समेत हुन सक्दछन भन्ने विषयसमेत यस अध्ययन अनुसन्धान समेट्न खोजिएको हो।

## १.२ समस्याको कथन

फौजदारी मुद्दाको फैसला कार्यान्वयनका लागि लामो समय देखि नीतिगत सुधार तथा कानूनी व्यवस्थाहरुलाई समयानुकुल बनाउँदै लगिएको छ। फैसला कार्यान्वयनका लागि विभिन्न संयन्त्र मार्फत कानूनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयनमा समेत गरिएको छ। तर समग्र फैसला कार्यन्वयनमा केहि समस्या देखा परेका छन्।सर्वोच्च अदालतको आ. व. २०७७/०७८ को बार्षिक प्रतिवेदनमा असुल गर्न बाँकी कैद वर्ष १ लाख ६ हजार वर्ष र जरिवाना करिव १७ अरव रुपैया बाँकी रहेको देखिन्छ। दण्ड र जरिवानाको लगतको तथ्याङ्क हेर्दा फौजदारी मुद्दाको फैसला कार्यान्वयन प्रभावकारी रुपमा हुन नसकेको प्रष्ट देखिन्छ। हाल भएको कानूनी तथा नीतिगत व्यवस्था, फैसला कार्यान्वयनका संयन्त्रहरु र भावी रणनीतिहरुमा सुधार नभई दण्ड र जरिवानाको असुलीको लगत घटाउन सकिदैन। तसर्थ यस अध्ययनमा देहायका समस्यालाई अध्ययन गरि सुझाब प्रस्तुत गरिनेछ।

(क) नेपालमा दण्ड जरिवाना असुलीको वास्तविक अवस्था र यसका समस्या तथा चुनौती के कस्ता छन् ?

(ख) दण्ड जरिवाना असुलीका लागि अन्य मुलुकले गरेका प्रभावकारी अभ्यास र सफलता के कस्ता रहेका छन् ?

(ग) नेपालको सन्दर्भमा दण्ड जरिवाना असुली गर्ने वैकल्पिक व्यवस्थाहरु के कस्ता हुन सक्छन?

## १.३ अध्ययनको उद्देश्य

दण्ड जरिवानाको वर्तमान असुलीलाई अझ प्रभावकारी बनाउन वैकल्पिक उपायहरुको खोजि गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। यसका साथै देहाय बमोजिमको बिषयहरुमा खोजि तथा विश्लेषण गर्नुसमेत यस अध्ययनको उद्देश्य रहेको छः

(क) नेपालमा दण्ड जरिवानाको असुलीको वास्तविक अवस्थाको खोजि तथा विश्लेषण गर्नु,

(ख) वर्तमान अवस्थाको समस्या तथा चुनौती पहिचान गर्नु,

(ग) विभिन्न मुलुकको असल अभ्यासको अध्ययन गर्नु,

(घ) नेपालको सन्दर्भमा दण्ड जरिवाना असुली गर्ने वैकल्पिक उपाय के कस्ता हुन सक्छ सो सम्बन्धि अध्ययन गर्नु।

---

[४] फैसला कार्यान्वयन निर्देशनालयको प्रतिवेदन, २०७८ ।

## १.४ अध्ययनको सीमा

समग्र फैसला कार्यान्वयनमा समस्या भए पनि फौजदारी मुद्दाको कार्यान्वयनको स्थिति र प्रभावकारी कार्यान्वयनका लागि चाल्नु पर्ने कदमका बारेमा यो अध्ययन सिमित छ। फौजदारी मुद्दामा पनि कैद, जरिवाना, सरकारी बाँकी/ विगो, कसूरजन्य सम्पति जफत, फौजदारी मुद्दाको क्षतिपुर्ती लगायतका विषयमा अध्ययन अनुसन्धान गर्नुपर्ने भएता पनि यो अध्ययन दण्ड र जरिवानामा केन्द्रित रही यो अध्ययन गरिनेछ। फैसला कार्यान्वयनमा रहेका संयन्त्र र सवै सरोकारवालासंगको पहुँच हुन नसक्ने भएकाले सिमित निकाय र जनशक्तिसंग मात्र अध्ययन समूहले छलफल गर्नेछ।

अध्ययनको समय छोटो र साधन श्रोत कमी भएकाले काठमाडौं उपत्यकाभित्रका निकायसंग सिमित हुनेछ। सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयका माध्यमिक तथ्याङ्कमा निर्भर भई अध्ययन गरिनेछ। अध्ययन समूह सैद्धान्तिक विधिमा बढि निर्भर हुदाँ व्यवहारिक पक्ष नसमेटिने जोखिम रहेकोछ। सूचना संकलनका लागि अपनाईने विधिमा केही प्रश्नावली र केही छलफल मात्र हुनेछन्। अध्ययन सामग्रीको उपलब्धता तथा पहुँच कम हुनुसमेत यस अध्ययनको सीमा रहेको छ।

## १.५ अध्ययनको विधि

विभिन्न तहका अदालत तथा न्यायिक निकायबाट फौजदारी मुद्दामा भएको दण्ड जरिवाना असूली सम्बन्धी फैसला कार्यान्वयको स्थिति र प्रभावकारी कार्यान्वयनका लागि अपनाउनु पर्ने उपायहरुको बारेमा गरिने यस अध्ययनमा मुख्यत् माध्यमिक तथ्याङ्कहरु विभिन्न माध्ययमबाट संकलन गरिने भएकाले यो अध्ययन मूलत सैद्धान्तिक विधि (doctrinal Method) मा आधारित छ।

विभिन्न देशका प्रचलित र अनुकरणिय अभ्यास, अनुसन्धान प्रतिवेदन, लेख रचना र कानूनी व्यवस्थाको विश्लेषण गरिएको छ। सम्भव भएसम्मका प्राथमिक तथ्याङ्कहरु नमूना प्रश्नावली र छलफल/अन्तरक्रिया माध्ययमबाट संकलन गरि विश्लेषण समेत गरिएकाले भएकाले (non doctrinal Method) पनि अवलम्बन गरिएको छ। फैसला कार्यान्वयनमा प्रत्येक्ष रुपमा कार्यरत जनशक्ति र यस विषयका विज्ञहरुसंग परामर्श गरि सुझाव संकलन गरिएको छ। संकलित तथ्याङ्कलाई आधुनिक तथ्याङ्किय सफ्टवेयरमा प्रविष्ट गरि विश्लेषण गरिएको छ।

## १.६ नमूनाको आकार

प्राथमिक तथ्याङ्कहरु ७७ वटा जिल्ला अदालतका तहसिल शाखाबाट सङ्कलन गर्ने योजना रहेकोमा केही अदालतको तथ्याङ्क प्राप्त हुन सकेन। यो अध्ययन प्राप्त प्रश्नावलीमा निर्भर भएको छ। साथै फैसला कार्यान्वयन निर्देशनालयका वर्तमान अधिकृत कर्मचारी र निवर्तमान अधिकृत कर्मचारीहरुसँगको परामर्श र वैठकको आधारमा सूचनाहरु सङ्कलन गरिएको छ।माध्यामिक तथ्याङ्कहरु उपलब्ध भएसम्म सङ्कलन गरिएको छ।

## १.७ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययनको अनुसन्धान प्रतिवदेनमा सात परिच्छेद रहेका छन्। परिच्छेद ***एक***मा प्रारम्भिक भाग रहको छ भने परिच्छेद ***दुई***मा पूर्व अध्ययन समिक्षा गरिएको छ। यसै गरी परिच्छेद **तीन**मा कानूनी तथा

नीतिगत व्यवस्था, परिच्छेद चारमा अन्तराष्ट्रिय व्यवस्था, परिच्छेद पाँचमा तथ्याङ्क सङ्कलन तथा विश्लेषण रहको छ। साथै अध्ययनको परिच्छेद छमा निष्कर्ष र सुझाब रहको छ। यसै गरि अध्ययन प्रतिवेदनको अन्तिम खण्डमा सन्दर्भ सामग्री र आवश्यकता बमोजिम अनुसूची रहेको छ।

# परिच्छेद - दुई

# पूर्व अध्ययन समिक्षा

यस परिच्छेदमा दण्ड जरिवानाको असुलीको जिम्मेवारी र यसको वैकल्पिक व्यवस्था सम्वन्धी संभाव्यतासँग सम्वन्धित उपलब्ध भएका पुस्तक, लेखरचना तथा अनुसन्धान प्रतिवेदको अध्ययन गरि देहाय बमोजिम समिक्षा गरिएको छः

## २.१ फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायाहरु (अनुसन्धानमूलक अध्ययन प्रतिवेदन) राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६५

यस अध्ययनमा नेपालको सन्दर्भमा फैसला कार्यान्वयनका विषयमा रहेका कानूनी तथा व्यवहारीक समस्याहरु के कस्ता रहेका छन सो विषयलाई प्रस्तुत गरिएको छ। यस अध्ययनमा प्रारम्भिक पूर्व अध्ययनहरुको समीक्षा, फैसला कार्यान्वयन सम्बन्धी विद्यमान कानूनी व्यवस्थाको विश्लेषण, फैसला कार्यान्वयन सम्बन्धी तुलनात्मक अध्ययन, फैसला कार्यान्वयन सम्बन्धी सूचना एवं तथ्यांकहरुको विश्लेषण, फैसला कार्यान्वयन सम्बन्धी वर्तमान अवस्था सम्बन्धी अध्ययन एवं सर्वेक्षण समास्या तथा समाधानका उपायहरु र उपसंहार रहेको छ।

त्यस्तै समस्या तथा समाधानका उपायहरुको परिच्छेदमा दण्ड जरिवाना असुलमा देखिएका समस्याहरुको विषयमा पनि अध्ययन तथा अनुसन्धान गरिएको छ। त्यस्तै समास्याका मुख्य कारणहरुको बारेमा अध्ययन गरी सोको समाधानका उपायहरुको समेत प्रस्तुत गरिएको छ। फैसला कार्यान्वयन सम्बन्धी प्रथम खोजमूलक अध्ययनको रुपमा यसलाई राष्ट्रिय न्यायिक प्रतिष्ठानले गरेको फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरुका सम्बन्धमा अनुसन्धान गर्ने गराउने निश्चय गरे अनुरुप अनुसन्धानकर्ताबाट प्राप्त प्रस्ताव बमोजिम अनुसन्धानमूलक अध्ययन गरिएको छ।

## २.२ "सुदृढ अदालत व्यवस्थापन र न्यायिक सुशासनः हाम्रो प्रतिवद्धता", स्मारिका २०७७

रजिष्ट्रार स्रेस्तेदार र तहसिलदारहरुको प्रथम राष्ट्रिय सम्मेलन मङ्सिर ८ र ९ गते, सर्वोच्च अदालतमा प्रस्तुत गरिएको कार्यपत्रलाई स्मारिकामा प्रकाशन गरिएको हो। यस स्मारिकामा पाँचवटा कार्यपत्रहरु मध्ये फैसला कार्यान्वयनमा देखिएका समस्या र चुनौति तथा भावी कार्यदिशामा फैसला कार्यन्यवयनको सैद्धान्तिक अवधाराण तथा उद्देश्यहरु माथि प्रकाश पारिएको छ। त्यसैगरी फैसला कार्यान्वयनसँग सम्बद्ध पूर्व विभिन्न प्रतिवेदनहरुको अध्ययन तथा सुझावहरुलाई समावेश गरिएको छ।

पूर्व अध्ययन प्रतिवेदनहरुमा उच्चस्तरीय न्यायिक सुधार आयोग प्रतिवेदन २०२८, शाही न्याय सुधार आयोगको प्रतिवेदन २०४०, अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन २०५५, अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८, तहसिलदारको राष्ट्रिय सम्मेलनबाट पारित प्रस्तावहरु २०६२, कैद दण्ड जरिवानाको लागत असुल फछ्यौंट गर्ने सम्बन्धी सुझाव दिन गठित समितिको प्रतिवेदन २०६२, तीन वर्ष भन्दा कम कैद तथा जरिवानको लागत फछ्यौंट समितिको प्रतिवेदन २०६५, अदालतका जिन्सी सामानको व्यवस्थापन सम्बन्धि अध्ययन प्रतिवेदन २०६४, फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरु विषयक अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०६५ रहेका छन। यी प्रतिवेदनहरुमा

पनि दण्ड जरिवानाको असुलीलाई फैसला कार्यान्वयनको अभिन्न अङ्गको रुपमा लिएको छ। त्यस्तै स्मारिकामा फैसला कार्यान्वयनको विद्यमान अवस्था के कस्तो रहेको छ भन्ने विषयमा प्रस्तुती भएको छ।सो अध्ययनले दण्ड जरिवानको असुली रणनीतिक योजना अनुरुप सन्तोषजनक नभएको देखिन्छ। यस अध्ययनमा फैसलाकार्यान्वयन सम्बन्धी रहेका संरचना र तिनको प्रभावकारिताका बारेमा समेत गरिएको छ।

## २.३ सर्वोच्च अदालतको रणनीतिक योजनाहरु

यसमा सर्वोच्च अदालतको दोश्रो पञ्चवर्षीय रणनीतिक योजनामा[५] फैसला कार्यान्वयन सम्बन्धी व्यवस्थालाई उल्लेख गरिएको छ। सो योजना अन्तर्गत असुल तहसिललाई प्रभावकारी बनाउन दण्ड जरिवानाको लगत व्यवस्थित गर्ने, मुद्दाको जिन्सी व्यवस्थापन गर्ने लगायतका व्यवस्था समेतलाई उल्लेख गरिएको छ।त्यस्तै हालको चौथो पञ्चबर्षीय रणनीतिक योजनामा दण्ड जरिवानको विषयमा रणनीति नै बनाइ प्रथामिकता दिइएको छ। यसमा बक्यौता, दण्ड जरिवाना र सरकारी बिगो असुलीलाई अभियानको रुपमा क्रियाकलाप तय गरी दण्ड जरिवाना, सरकारी बिगो र क्षतिपूर्तिको लागत अद्यावधिक गरी फैसला कार्यान्वयनको संस्थागत सुदृढीकरण गर्ने उल्लेख भएको छ।

## २.४ सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७८/७९

सर्वोच्च अदालतद्वारा प्रकाशित वार्षिक प्रतिवेदन २०७८/७९[६] मा दण्ड जरिवाना असुल हुन बाँकी रहेको तथ्याङ्क प्रस्तुत गरिएको छ।प्रतिवेदनमा फैसला कार्यान्वयनको स्थितिलाई प्रभावकारी बनाउन फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरी संस्थागत, कानूनी एवम् प्रक्रियागत रुपमा सक्षम बनाउनु पर्ने आवश्यकताको सन्दर्भमा सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०६६।०१।२९ को निर्णयपश्चात् फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरिएको व्यहोरा उल्लेख गरिएको छ। यसरी सर्वोच्च अदालत नियमावली बमोजिम सर्वोच्च अदालत र मातहात अदालतबाट भएको फैसला तथा अन्तिम आदेशको कार्यान्वयन तथा अनुगमन फैसला कार्यान्वयन निर्देशनालयले गर्ने गर्दछ समग्रमा हेर्दा नेपालमा फैसला कार्यान्वयनको अवस्था सन्तोषजनक नभएको र यसको प्रभावकारिता अभिवृद्धि गर्नु अत्यावश्यक रहेको कुरा समेत औंल्याइएको छ। प्रतिवेदनले फैसला कार्यान्वयन विषयलाई गहन रुपमा लिई यसमा रहेका चुनौती तथा समस्याहरु समेत समेटी आगामी कार्यदिशा तय गरेको छ।

## २.५ फैसला कार्यान्वयन सम्बन्धी जानकारी पुस्तिका

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयद्वारा प्रकाशित फैसला कार्यान्वयन सम्बन्धी जानकारी पुस्तिकामा[७] फैसला कार्यान्वयन सम्बन्धी सैद्धान्तिक विषय, फैसला कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था, देवनी मुद्दामा फैसला कार्यान्वयन सम्बन्धी कार्यविधि, फैसला कार्यान्वयन सम्वन्धी अन्य ब्यवस्था, फैसला कार्यान्वयन गर्दा लाग्ने दस्तुर, लगायतका विषयहरु समावेश गरिएको छ। यस पुस्तिकामा देवानी फैसला

---

५ https://supremecourt.gov.np/web/assets/downloads/strategic (Accessed on 22 August 2023).

६ Supreme Court of Nepal, https://supremecourt.gov.np/web/yearlyreps (Accessed on 3 May 2023).

७ Supreme Court Judgment Execution Directorate, https://supremecourt.gov.np/scjed/public/assets/downloads/ legalmaterials/ (Accessed on May 5 2023).

कार्यान्वयन र फौजदारी फैसला कार्यान्वयनका विषयहरुलाई भिन्ना भिन्नै राखी अध्यायन तथा अनुसन्धान गर्न सकिएको छैन।

### २.६ **Enforcement of Judgement by Calrie Sandbrook, Sweet and Maxwell**

यो पुस्तकले बेलायतमा रहेको फैसला कार्यान्वयनको अभ्यास तथा व्यवस्थाका बारेमा बृहत अध्ययन तथा अनुसन्धान समवेश गरेको पाइन्छ। यस पुस्तकमा बेलायतमा फैसला कार्यान्वयन सम्बन्धी बहसका कुराहरुलाई समेटेको छ। बेलायतमा समेत फैसला कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको र फैसला कार्यान्वयन गर्न बाँकी सङख्यामा वृद्दी भएको विश्लेषण गरिएको छ। त्यस्तै वेलायतमा फैसला, आदेश र अवार्ड (Award) को कार्यान्वयन सम्बन्धी के कस्ता कानूनी व्यवस्थाहरु रहेका छन् फैसला कार्यान्वयनको जिम्मवारी, फैसला कार्यान्वयनका चरणहरु, फैसला कार्यान्वयन सम्बन्धी समान्य नियमहरु, वेलायतमा विदेशी फैसाल कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था तथा अभ्यास लगायतका विषयमा सैद्धान्तिक तथा व्यवहारि अभ्यास र न्यायलायको दृष्टिकोण समेतका विषयमा वृहत रुपमा प्रस्तुती गरिएको छ। यसका साथै फैसला कार्यान्वयनलाई अझ थप चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कानूनी तथा सैद्धान्तिक उपायहरुका बारेमा समेत प्रस्तुत गरिएको छ। समग्रमा पुस्तकमा देवानी फैसला कार्यान्वयनमा जोड दिइएको छ। देवानी फैसला कार्यान्वयन र फौजदारी फैसला कार्यान्वयन गरी विभाजन गरी प्रस्तुती गरिएको छैन।

# परिच्छेद - तीन

# कानूनी तथा नीतिगत व्यवस्था

नेपालमा प्रचलनमा रहेका दण्ड जरिवानाको असूलीको जिम्मेवारी सम्वन्धी कानूनी तथा नीतिगत व्यवस्थामा बारेमा चर्चा गरिएको छ।

## ३.१ संवैधानिक व्यवस्था

प्रचलित नेपालको संविधानले फैसला कार्यान्वयन सम्वन्धी संवैधानिक व्यवस्था गरेको छ। नेपालको संविधानको भाग ११ मा न्यायपालिका अन्तर्गत धारा १२६ मा नेपालको न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्ययिक निकायबाट प्रयोग गरिने व्यवस्था छ।[८] त्यस्तै मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको पालना सबैले गर्नु पर्ने व्यवस्था रहेको छ।[९] त्यसैगरी संविधानमा सर्वोच्च अदालत सम्वन्धी व्यवस्था गरिएको छ। सर्वोच्च अदालत अभिलेख अदालत हुने र संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरु सर्वोच्च अदालत मातहतमा रहने व्यवस्था गरिएको छ।[१०] सर्वोच्च अदालतले आफ्नो र आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत, विशिष्टीकृत अदालत वा अन्य न्यायिक निकायहरुको न्याय प्रशासन वा व्यवस्थापन सम्बन्धी विषयमा निरीक्षण र सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ।[११] मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नु पर्नेछ। सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सकने व्यवस्था छ।[१२]

## ३.२ कानूनी व्यवस्थाहरु

### *३.२.१ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ७ मा फौजदारी मुद्दाको फैसला कार्यान्वयन सम्बन्धमा विभिन्न व्यवस्था रहेका छन्। संहिताको मुख्य व्यवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ।

- फैसला बमोजिम लागेको दण्ड, जरिवाना वा ठहरेको विगो वा क्षतिपूर्तिको लगत[१३] फैसला तयार भएको ३ दिन भित्र फैसला कार्यान्वयन शाखामा दिनु पर्ने। पुनरावदेन सुन्ने अदालतबाट कुनै व्यक्ति कसूरदार ठहरी वा तल्लो अदालतको फैसला उल्टी भई वा बदर भई कसूरदार ठहरेकोमा सोको लगत खडा गरी कार्यान्वयन गर्न सम्बन्धित जिल्ला अदालतमा फैसलाको प्रतिलिपि पठाउनु

---

[८] नेपालको संविधान, धारा १२६ (१) ।

[९] नेपालको संविधान, धारा १२६ (२) ।

[१०] नेपालको संविधान, धारा १२८ (२) ।

[११] नेपालको संविधान, धारा १२८ (३) ।

[१२] नेपालको संविधान, धारा १२८ (४) ।

[१३] मू.फौ.का.सं. को दफा १५१ ।

पर्ने। लगत प्राप्त भए पछि अनुसूची २५ को ढाँचामा लगत किताबमा लगत कसी वा अध्यावधिक गर्नु पर्ने।[१४] लगत तयार गर्दा जन्मकैद, कैद, जरिवाना, क्षतिपूर्ति र तिर्नु बुझाउनु पर्ने बिगो समेतको विवरण स्पष्ट देखिने गरी गाउँपालिका वा नगरपालिकाको वडा अनुसार अलग अलग तयार गर्नु पर्ने।

- कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक बर्ष वा एक बर्ष भन्दा कम कैदको सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भीरता, कसूरको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्ने समेत नदेखिएमा एक दिन कैदको तीन सय रुपैयाँका दरले कैद बापतको रकम तिरी कैदमा बस्न नपर्ने गरी अदालतले आदेश गर्न सक्ने[१५] व्यवस्थाले कैद असूली प्रभावकारी हुन सक्ने देखिन्छ। एक वर्ष भन्दा कम कैदको सजाय हुने मुद्दा गम्भिर प्रकृतिका नहुने र त्यस्ता मुद्दाका प्रतिवादीहरुले पछी समाजमा समेत असर गर्न सक्ने नदेखिदा र निजहरुले राम्रो आचारणको कागज गर्ने र आचारण उलघंन गरी अर्को मुद्दामा आएमा पहिलाको सजाय समेत थप हुने हुँदा दफा १५५ को प्रयोग फैसला भई सकेका फरार प्रतिवादीको हकमा समेत गर्ने गरी सहज व्यवस्था भएमा अदालतमा रहेको वर्षौं देखिको वेरुजु लगत फर्छ्यौट हुने देखिएकाले सो सम्वन्धमा विचार गर्नु पर्ने देखिन्छ।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५६ मा कैदको सजाय भएको कसूरदार उपस्थित नभई फरार रहेको अवस्थामा निजलाई पक्राउ पुर्जी जारी गरी निजको सम्पत्ति रोक्का राख्नु पर्ने व्यवस्था गरेको छ।
- कैदको सजाय पाएको व्यक्ति अदालतमा उपस्थित भएको भए कारागार चलान गर्नु पर्ने र उपस्थित नभएको भए पक्राउ पुर्जी जारी गरी निजको सम्पत्ति रोक्का राख्नु पर्ने र त्यसरी सम्पत्ति रोक्का भएको ६ महिनासम्म पनि पक्राउ परी नआएमा निजको सम्पत्ति लिलाम बिक्री गरी जरिबाना र क्षतिपूर्ति असूल उपर गरिने व्यवस्थाले दण्ड जरिवाना र क्षतिपूर्ति असूलीमा प्रभावकारिता आउने।[१६] तर ऐ. संहिताको दफा १५७ को उक्त व्यवस्थामा कैद असूलीको व्यवस्था नगरी ६ महिनासम्म पनि पक्राउ परी नआएमा निजको सम्पत्ति लिलाम बिक्री गरी जरिबाना र क्षतिपूर्ति असूल उपर गरिने व्यवस्था मात्र गरेकाले त्यस्तो व्यक्तिको कैद कसरी असूल गर्ने भन्ने सम्बन्धमा केही नबोलेकोले फरार प्रतिवादीको कैद असूलीमा समस्या नै रहन सक्ने देखिएको भएपनि कैदको लगत यथावत रहन्छ र फरारी सरह असूल गरिनु पर्छ।
- फैसला बमोजिमको जरिवाना तत्काल बुझाउन नसक्ने भई त्यस बापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले १ वर्षभित्र बढीमा ३ किस्तामा जरिबाना बुझाउने गरी आदेश दिन सक्ने[१७] व्यवस्थाले जरिवाना असूली प्रभावकारी हुने।

---

[१४] मु.फौ.का.सं. २०७४ को दफा १५१ ।
[१५] मु.फौ.का.सं. २०७४ को दफा १५५ ।
[१६] मु.फौ.का.सं. २०७४ को दफा १५७ ।
[१७] मु.फौ.का.सं. २०७४ को दफा १६२ ।

- कसूरदारले कुनै रकम धरौट राखेको भए त्यसबाट जरिबाना, बिगो, क्षतिपूर्ति वा अन्य रकम असुल गर्न र भराई दिनु पर्ने व्यवस्थाले जरिबाना, बिगो, क्षतिपूर्ति वा अन्य रकम असुल गर्न र भराउन सहज हुने।[१८]
- फैसला कार्यान्वयनका लागि अनुपस्थित रहेको पक्षले फैसला कार्यान्वयनको कार्यमा चित्त बुझेन भनी उजुरी गर्न नसक्ने हुँदा फैसला कार्यान्वयनमा पक्षलाई उपस्थित हुन दबाब पर्ने हुँदा फैसला कार्यान्वयन सहज हुने।
- यस ऐन बमोजिम लगत कट्टा हुनुभन्दा पहिले कसूरदार पक्राउ भएमा र निजले आफूलाई लागेको जरिवाना वा विगो वा क्षतिपूर्ति बापतको रकम नगदै बुझाउन चाहेमा दफा १५६ बमोजिम रोक्का रहेको सम्पत्ति लिलाम बिक्री भई नसकेको भए त्यस्तो सम्पत्ति रोक्का राख्दा भएको खर्च असूल गरी र लिलाम बिक्री भै सकेकोमा रोक्का राख्दा र लिलाम बक्री गर्दा भएको खर्चहरु कटाई लिलाम बिक्रीबाट प्राप्त भएको रुपैयाँ निजलाई फिर्ता दिई कैद सजाय कार्यान्वयन गर्नु पर्नेछ।
- मुलुकी फौजदारी कार्यविधि संहिताले निजी बिगो वा क्षतिपूर्ति भराउने सम्बन्धमा स्पष्ट कार्यविधिको व्यवस्था गरेको छ ।जसअनुसार तिर्नु पर्ने ठहरेको निजी बिगो, पीडित वा निजको हकवालाले पाउने क्षतिपूर्ति वा अन्य कुनै रकम फैसला भएको छ महिनाभित्र बुझाउनु पर्ने, नबुझाएमा रु १०,०००।— (दश हजार) सम्म जरिवाना हुने साथै बिगो क्षतिपूर्ति वा रकम भरी पाउने ब्यक्तिले अन्तिम फैसला भएको मितिले तीन वर्षभित्र सम्पत्ति देखाई निवेदन दिन सक्ने र सम्पत्ति पत्ता लगाउन नसकेमा त्यस्तो सम्पत्ति फेला परेको बखत निजले जनाउ दिएमा भराई दिने गरी अदालतले त्यस्तो निवेदन तामेलीमा राख्नु पर्ने व्यवस्था गरिएको पाइन्छ। तिर्नु पर्ने ब्यक्तिले अदालतमा दफा १६८ बमोजिम धरौट रकम वा जमानत राखेको भए त्यसबाट पनि पुगेसम्म भराई दिनु पर्ने[१९] गरी कानूनी व्यवस्था भएको पाइन्छ।
- कुनै कसूरदारले संहिता बमोजिम कुनै रकम धरौट राखेको भए सो धरौटबाट पुगेसम्म फैसला बमोजिम निजले बुझाउनु पर्ने जरिबाना, सरकारी बिगो, क्षतिपूर्ति, बिगो अन्य रकम असूल गर्न र भराई दिनु पर्ने। यसरी पनि असुल हुन नसके निजले वा निजको तर्फबाट अरु कसैले कुनै सम्पत्ति जमानत दिएको भए सोही सम्पत्ति लिलाम बिक्री गरी भराइ दिनु पर्ने कानूनी व्यवस्था भएको पाइन्छ।त्यस्तो सम्पत्ति रोक्का कब्जा वा नियन्त्रण लिने कार्यविधी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६७ मा व्यवस्थित गरिएको छ।

### *३.२.२ फैसला कार्यान्वयन निर्देशिका, २०७५*

सर्वोच्च अदालतले मुलुकी फौजदारी कार्याविधि (संहिता) ऐन, २०७४ को दफा १९७ ले दिएको अधिकारको प्रयोग फैसला कार्यान्वयन निर्देशका लागू गरेको छ।यस निर्देशिकामा फैसला कार्यान्वयन गर्ने निकाय सम्बन्धी व्यवस्था, लगत राख्ने सम्बन्धी  व्यवस्था, कैद सजायको असूलीसम्बन्धी व्यवस्था, जरिवाना

---

[१८] मु.फौ.का.सं. २०७४ को दफा १६६ ।

[१९] मु.फौ.का.सं. २०७४ को दफा १६५ ।

र सकरकारी बिगो वा क्षतिपूर्तिको असूलीसम्बन्धी व्यवस्था, निजी बिगो र क्षतिपूर्ति भराइ दिनेसम्बन्धी व्यवस्था, लगत कट्टासम्बन्धी व्यवस्था रहेको छ। यसैगरी निर्देशिकामा कैद सजाय असूलीको लागि कारागारमा पठाउने, प्रहरी कार्यालयमा लेखी पठाउने, इजलासमा पेश गर्ने, नावालकलाई भएको कैद सजायको कार्यान्वयन, लगतमा बेहोरा जनाउने, कैद अवधिमा गणना, कैदबापत रकम बुझाउन सक्ने र विदेशीले कैदबापत रकम बुझाउन सक्ने व्यवस्था गरिएको छ। त्यसैगरी जरिवाना र सरकारी बिगो वा क्षतिपूर्तिको असूलसम्बन्धी व्यवस्थामा जरिवानाको असूली, जरिवानाबापत कैद गर्न सकिने, फरार कासूरदारको जरिवाना, सरकारी बिगो वा क्षतिपूर्तिको असूली लगायतको व्यवस्था छ।यसरी हेर्दा फैसला कार्यान्वयन निर्देशिकाले समेत दण्ड जरिवानाको असूलीलाई फैसाल प्रकृयाको अभिन्न अङ्गको रुपमा लिएको छ। यसमा कैद र जरिवाना असुलीलाई निकै गम्भिर विषयको रुपमा लिइ सम्ग्रमा फैसला कार्यान्वयन प्रभावकारी र समयमा हुनुपर्ने सिद्धान्तलाई आत्मसात गरिएको छ।यसरी सर्वोच्च अदालतबाट निर्माण भई लागू भएकव फैसला कार्यान्वयन निर्देशिका मातहतका अड्डा अदालतलाई मार्गदर्शनका रुपमा रहेको छ।

### *३.२.३ अन्य कानूनी व्यवस्थाहरु*

संहितालगायत अन्य विशेष ऐन र नियमावली तथा अदालतका नियमावलीहरुमा दण्ड जरिवानाको असूलीलाई व्यस्थित गर्नका लागि केही व्यवस्थाहरु गरेको पाईन्छ। देहायका कानूनहरु यस अध्ययनमा प्रासाङ्किक रहेका छन्।

- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद २२
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद १५
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४
- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०
- मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को परिच्छेद ७
- मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को परिच्छेद ८
- जिल्ला अदालत नियमावली २०७५ को परिच्छेद १०
- उच्च अदालत नियमावली, २०७३ को परिच्छेद ७ (वाणिज्य इजलासको गठन र सञ्चालन सम्वन्धी विशेष ब्यवस्था ) को नियम ८१ मा वाणिज्य इजलासबाट भएका फैसलाको कार्यान्वयन सम्वन्धी ब्यवस्था।
- सर्वोच्च अदालत नियमावली, २०७४
- फौजदारी कसूर पीडित राहतकोष नियमावली, २०७७

## ३.३ सर्वोच्च अदालतको रणनीतिक योजना

सर्वोच्च अदालतको दोश्रो पञ्चवर्षीय रणनीतिक योजनामा[२०] फैसला कार्यान्वयनकालागि स्पष्ट कार्यविधि तय गरिएको छ। सो योजना अन्तर्गत असुल तहसिललाई प्रभावकारी बनाउन दण्ड जरिवानाको लगत

[२०] https://supremecourt.gov.np/web/assets/downloads/strategic (Accessed on 22 August 2023).

व्यवस्थित गर्ने, मुद्दाको जिन्सी व्यवस्थापन गर्ने लगायतका व्यवस्था समेतलाई उल्लेख गरिएको छ। त्यस्तै हालको चौथो पञ्चबर्षीय रणनीतिक योजनामा दण्ड जरिवानको विषयमा रणनीति प्रस्तुत गरिएको छ। यसमा बक्यौता दण्ड जरिवाना र सरकारी बिगो अभियानको रुपमा असुल उपर गर्ने दण्ड जरिवाना सरकारी बिगो र क्षतिपूर्तिको लगत अद्यावधिक गर्ने फैसला कार्यान्वयनको संस्थागत सुदृढीकरण गर्ने उल्लेख भएको छ।

## ३.४ सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजीरहरु

- *संदिप कुमार अग्रवाल विरुद्ध प्रमोद कुमार अग्रवाल* भएको उत्प्रेषण/परमादेश (ने.का.प.२०७४ अंक ९ नि.नं. ९८८२)

यस मुद्दामा सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०७४।४।३२ मा अदालतले आफूले गरेको फैसला सजिलोसँग कार्यान्वयन गरिदिनु पर्छ। फैसलाको छिटो, सरल र प्रभावकारी कार्यान्वयन नै न्यायपालिका र न्याय प्रदान गर्ने अदालतको मुख्य उद्देश्य रहेको हुन्छ। मुद्दा जित्ने पक्षको चाहाना, आकांक्षा र उद्देश्य नै यही हुने भनी फैसला कार्यन्वयनको विषयलाई प्राथमिकतामा राखी सिद्धान्त प्रतिपादन गरेको छ।

- *पार्वतीदेवी पन्त विरुद्ध सेती महाकाली धान चामल कम्पनी सम्पर्क कार्यालय, कैलाली, धनगढी* समेत सम्वत २०६० सालको रिट नं.-३४७९को उत्प्रेषणयुक्त परमादेश (ने.का.प. २०६५ अङ्क ३ निर्णय नं. ७९४६)

यस मुद्दामा सर्वोच्च अदालतबाट फैसला कार्यान्वयनको विषयमा निम्न बमोजिमको सिद्धान्त प्रतिपादन भएको छ। फैसला कार्यान्वयनमा मुद्दाका पक्षहरुले भोग्न परेको समस्यालाई सर्वोच्च अदालत (Apex Court) भएको नाताले यस अदालतले आँखा चिम्लेर बस्न नसक्ने। अन्तिम फैसला भएपछि वादीले भरी पाउने दरखास्त हाल्नै पर्ने, अन्तिम फैसला भएको मितिले ३ वर्ष सम्मको लामो हदम्यादको व्यवस्था, दरखास्त हाले पछि हार्नेको नाममा पुनः म्याद जारी गर्ने, भराई लिन पाउने जित्ने पक्ष आफैले विपक्षीको जायजात समेत देखाई दिनपर्ने, बिगो नतिरे लेनदेन व्यवहारको महलको १९ नं. बमोजिम कैद गराउन चाहँदा वादीले नै सिधा खर्च भर्नु पर्ने आदि वर्तमान व्यवस्थाहरु कानूनी शासनको अवधारणा छिटो न्याय पाउने र निर्णयको पहुँच अर्थात (Right to speedy justice and Access to justice) को मान्य सिद्धान्तको विपरीत हुने। अदालतमा वादी प्रतिवादी भएर लामो समय मुद्दा लड्नुको उद्देश्य नै दावी पुग्ने ठहर भएको फैसला कार्यान्वयन गर्नको लागि हो। सिद्धान्तको लागि मात्र देवानी मुद्दा लड्न र अदालतबाट दावी पुग्ने ठहर्छ भनाउन मात्र कसैले मुद्दा नगर्ने हुँदाफैसलाको छिटो, सरल र प्रभावकारी कार्यान्वयन नै न्यायपालिका र न्याय प्रदान गर्ने अदालतको उद्देश्य (Motto) हुनुपर्ने। फैसलाको प्रभावकारी कार्यान्वयनको लागि पुनरावेदन अदालतबाट वा यस अदालतबाट अन्तिम फैसला भएपछि दण्ड सजायको महलको ४२ नं. को वर्तमान व्यवस्थाको बदलामा संशोधन गरी पुनरावेदन सुन्ने अदालतबाटै फैसला अन्तिम भए पछि वादी प्रतिवादी दुवैलाई शुरु अदालतमा हाजिर हुन पठाउने कानूनी व्यवस्था, वादीले भरी भराउको दरखास्त हाल्ला भनी अदालतले मुद्दा पाली ३ वर्ष कुर्नु नपर्ने व्यवस्था, पुनरावेदन सुन्ने अदालतबाट मुद्दा अन्तिम भएपछि तोकिएको म्याद भित्र हाजिर हुन आएपछि जित्ने वादी भरी भराउ गर्न चाहन्छ चाहँदैन अदालतले

वादीलाई कागज गराई भरी भराउ गर्न चाहँदिन भन्छ भन्ने मुद्दा त्यसै दिन अन्त्य गर्ने र भरी भराउ गर्न चाहन्छु भनी कागज गर्छ भने चाँडो भराउने कार्य तुरुन्त अगाडि बढाउने कानूनी व्यवस्था हुनुपर्ने। अदालतले हार्ने पक्षलाई कागज गराई निजको जेथा कहाँ कहाँ छ, कति छ, उसैले नै Under Oath खुलाउन पर्ने। न्याय छिटो, छरितो र शुलभ भनेको अदालतले फैसला गर्ने मात्र नभै आफैले गरेको फैसलाको छिटो, छरितो र शुलभ तरिकाले कार्यान्वयन हुनुपर्ने। नेपाली नागरिकहरुको न्याय सम्बन्धी अधिकारको गुठियार अर्थात Trustee of the Right to Justice of the People अदालत भएको कारणले गर्दा आफ्नै सक्रियता (Initiative) मा ठोस कदम चाली पीडित जनतालाई फैसला कार्यान्वयनमा राहत दिने व्यवस्था गरिदिनुपर्ने।

- *पुण्यप्रसाद अर्याल विरुद्ध सम्माननीय प्रधानमन्त्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय* समेत नेकपा २०६९ भाग ५४ अङ्क ७ नि नं ८८५४

सर्वोच्च अदालतबाट भएको मुद्दामा समेत दण्ड जरिवानको सम्बन्धमा निम्न बमोजिमको सिद्दान्त प्रतिपादन भएको छ। अदालतबाट कुनै मुद्दाको फैसला भए पछि सम्बन्धित अदालतले त्यस्तो फैसला बमोजिम लागेको दण्ड जरिबाना वा ठहरेको बिगो वा क्षतिपूर्तिको लगत तयार गर्नु पर्नेछ। शान्ति सुरक्षा राज्यको प्राथमिक कार्य भएकोले दण्डलाई स्वीकार गरिएको हुन्छ। दण्ड अपराधको परिणाम हो र यसको सोझो सम्बन्ध समाजसँग हुन्छ। समाजमा अपराध शून्यताको अवस्था असम्भव हुने भएकोले दण्डहीन समाजको परिकल्पना पनि असम्भव हुन्छ। दण्ड कानूनविपरीत व्यवहार गरेबापत दिइन्छ र दण्ड कार्यान्वयन गर्ने व्यक्तिले राज्यद्वारा कानूनबमोजिम अधिकारप्राप्त गरेको हुनु पर्दछ। दण्डका आफ्ना निश्चित उद्देश्यहरु हुन्छन्। यी उद्देश्यहरु प्राप्त गर्नका लागि नै राज्यले दण्डको व्यवस्था गरी लागू गर्दछ। दण्डका उद्देश्यहरुमा सम्भावित अपराध रोक्नु अपराधसँग दण्ड जोडिएको हुन्छ भन्ने देखाउनु र अपराधीको सुधार गरी न्यायोचित सुरिक्षित एवम् भयरहित समाजको प्रत्याभूति गर्नु पनि हो।

# परिच्छेद - चार

## अन्तराष्ट्रिय व्यवस्था

विदेशी मुलुकहरुमा पनि फैसला कार्यान्वयनका लागि मिश्रित व्यवस्था रहेको पाईन्छ। केही कानून प्रणालीमा देवानी र फौजदारी फैसलाको कार्यान्वयनका लागि अदालत भन्दा छुट्टै तर अदालतको नियन्त्रणमा रहेको पाईन्छ। यस्तो निकायसंग फौजी र खुफिया पनि मिलेर काम गर्दछन्। यस प्रतिवेदनमा दण्ड जरिवानाको असूली सम्बन्धमा अन्तराष्ट्रिय मुलुकमा रहेका विभिन्न असल अभ्यासहरुको विश्लेषण गरिएको छ। अन्तराष्ट्रिय असल अभ्यासहरु मूलत अनुसन्धानलाई प्रभावकारी बनाउनको लागि Common Legal System र Civil Legal System सँग सम्बन्धित राष्ट्रहरुको असल अभ्यासलाई अनुसन्धान गरिएको छ। अनसन्धान गर्ने क्रममा दुवै कानूनी प्रणालीमा भएका असल अभ्याससंग सम्बन्धित लेख रचानहरु अत्यनतै कम भएको वा पाउन नसकिएकोले उपलब्ध स्रोत तथा साधानको प्रयोगबाट अन्तराष्ट्रिय असल अभ्यासलाई समावेश गरिएको छ।

मुलतः Common Legal System अन्तर्गत भारत, वेलायत र संयुक्त राज्य अमेरिकाको अभ्यासहरुको चर्चा गरिएको छ भने Civil Legal System अन्तर्गत फ्रन्स, चीन र जापनको अभ्यासहरुलाई समेटिएको छ। दुवै कानूनी प्रणालीमा दण्ड जरीवानाको असूलीका लागि भएका प्रावधानहरुको अध्ययन गर्दा धेरै श्रोतहरुमा अदालतले गरेको फैसला आदेश कार्यान्वयनका लागि शूरुमा नियमानुसार जानकारी गराउने र अटेर गरेमा फौजी प्रयोग गरी कार्यान्वयन गरेको पाईयो।

### ४.१ कमन लिगल प्रणाली (Common Legal System)

कमन लिगल प्रणाली (Civil Legal System) अपनाएका मुलुकहरुमा फैसलाको कार्यान्वयन अदालतले र कार्यपालिकाको छुट्टै निकायले गर्ने गरेको अभ्यास पाईन्छ।

#### *४.१.१ भारत*[२१]

छिमेकी राष्ट्र भारतमा दण्ड सजायको असुलीको जिम्मेवारी न्यायपालिका तथा कार्यपालिका दुवैमा निहित रहेको पाउन सकिन्छ। यसरी दुवै निकायहरुको संयुक्त प्रयासमा एकले अर्कोलाई सहयोग र सहायता गर्दै दण्ड जरिवान असुलीको कार्य गरिएको छ।

#### *४.१.२ बेलायत*[२२]

यसैगरी Common Legal System अपनाएको बेलायतमा Office of Sheriff[२३] को व्यवस्था भएको पाउन सकिन्छ। यस प्रणालीमा Sheriff लाई दण्ड जरिवानाको असुलीको निकायको रुपमा राखी दण्ड जरिवाना

---

[२१] For Reference see: https://uk.practicallaw.thomsonreuters.com/9-619-4568?transitionType=Default&contextData=(sc.Default)&firstPage=true#:~:text=To%20execute%20a%20foreign%20judgment,decree%20is%20considered%20as%20evidence (Accessed on 3 August 2023).

[२२] For Reference see: https://www.studysmarter.co.uk/explanations/history/modern-britain/capital-punishment-inuk/#:~:text=The%20last%20execution%20in%20the%20UK%20was%20on%2013%20August,abolished%20for%20murder%20in%201969. (Accessed on 4 August 2023).

[२३] Bryan A. Garner, Black's Law Dictionary, 8th Edition, Sheriff is a county's chief officer, usually elected, who in most jurisdictions acts as custodian of the county jail, executes civil and criminal process, and carries out judicial mandates within the county.

असुलीको कार्यलाई निकै सार्थक रुपमा सम्पन्न गरिएको छ।यस प्रणालीमा Sheriff लाई कानून र नियमको रक्षकको अधिकार समेत प्रयोग गर्ने अधिकार प्रत्यायोजन गरिएको हुन्छ।

### *४.१.३ संयुक्त राज्य अमेरिका*[२४]

यसैगरी Common Legal System अपनाएको संयुक्त राज्य अमेरिकामा पनि Sheriff को व्यवस्था रहेको छ।एक छुट्टै निकायको गठन गरी सामान्य रुपमा सम्पत्ति खोस्ने तथा अन्य कार्यहरु गरी फैसला बमोजिम दण्ड जरिवानाको असुलीको अभ्यास भएको पाउन सकिन्छ।यसरी संयुक्त राज्य अमेरिकाको अभ्यास समेतले दण्ड जरिवानको असुलीको प्रभावकारी कार्यान्वयनको लागि एक विशिष्टकृत निकायको आवश्यकता भएको देखाउछ।

## ४.२ सिभिल लिगल प्रणाली (Civil Legal System)

देवानी कानून प्रणाली (Civil Legal System) अपनाएका मुलुकहरुमा देवानी फैसलाको कार्यान्वयन अदालतमा र फौजदारी फैसला कार्यान्वयनको लागि छुट्टै निकायको व्यवस्था भएको अभ्यास पाउन सकिन्छ।

### *४.२.१ फ्रान्स*[२५]

फ्रान्समा दण्ड जरिवाना असुलीको लागि विशिष्टकृत निकायको व्यवस्था गरिएको छ। यसमा फौजदारी अभियोग लागेका व्यक्तिहरुको र उनीहरुको अभियोगको अभिलेख लागि Criminal Records Office स्थापना गरिएको छ। त्यस्तै Court Bailiffs जस्तो निकायले विशेष प्रकारका फैसलाहरुको कार्यान्वयन गर्ने पाइएको छ। यसैगरी फ्रन्समा Judicial Police, Casier Judiciarie, Police and Gendarmerie जस्ता निकायहरुले फौजदारी मुद्दामा निकै महत्वपूर्ण भूमिका निर्भाह गरेको पाइन्छ।

### *४.२.२ जर्मनी*[२६]

Civil Legal System को अपनाएको जर्मनीमा दण्ड जरिवानाको जिम्मेवारी संघियता भएको कारणले गर्दा प्रदेश सरकार (Bundesländer) अनुसार फरक फरक व्यवस्था भएको पाउन सकिन्छ।तर पनि जर्मनीमा अन्य Civil Legal System को अभ्यास जस्तै देवानी फैसला कार्यान्वय र फौजदारी फैसला कार्यान्वयनका लागि छुट्टाछुट्टै व्यवस्था रहेको छ।

---

[२४] For Reference see: https://deathpenaltyinfo.org/facts-and-research/united-states-supreme-court (Accessed on 4 August 2023).

[२५] For Reference see: https://uk.practicallaw.thomsonreuters.com/w-037-7741?transitionType=Default&contextData=(sc.Default)#:~:text=Judgments%3A%20Methods%20of%20Enforcement&text=Once%20a%20foreign%20judgment%20is,bailiff%20to%20carry%20out%20enforcement. (Accessed on 5 August 2023).

[२६] For Reference see: https://uk.practicallaw.thomsonreuters.com/6-619 2957?transitionType=Default&contextData=(sc.Default) (Accessed on 7 August 2023).

### *४.२.३ जापान*[२७]

अन्य Civil Legal System मुलुकहरुमा जस्तै जापानमा पनि दण्ड जरिवाना असुलीको लागि Judicial Police, Court Baillifs, Criminal Record Center, and Sentencing Judges जस्ता निकायहरुको कानूनी तथा नीतिगत व्यवस्था भएको पाउन सकिन्छ। यस्तो व्यवस्थाले दण्ड जरिवाना असुलीको कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाएको पाउन सकिन्छ।

[२७] For Reference see: https://www.mhmjapan.com/content/files/00041707/International%20Comparative%20Legal%20Guide%20to%20Enforcement%20of%20Foreign%20Judgments%202020%20-%20Japan%20Chapter.pdf (Accessed on 8 August 2023).

# परिच्छेद - पाँच


## तथ्याङ्क सङ्कलन तथा विश्लेषण

यस अनुसन्धानमा फौजदारी मुद्दाको फैसला कार्यान्वयनमा भएको प्रयास र उपलब्धीको सूचना तथा सङ्कलन खोजी गर्ने क्रममा प्राथमिक सूचना र माध्यमिक (प्रकाशित अप्रकाशित) सूचना सङ्कलन गरिएको छ। दण्ड जरिवाना र कैदको प्राप्त सूचना तथा तथ्याङ्कलाई देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।यसको विस्तृत विवरण अनुसूची - १ र अनुसूची - २ मा समावेश गरिएकोछ।

**५.१ विभिन्न अदालतमा रहेका दण्ड जरिवानाको असुल, फछ्यौंट र बाँकीको विवरणः**

| क्र.स. | विवरण | जम्मा लगत | फछ्यौट | | बाँकी |
|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | |
| १. | सबै अदालत | २०,०३,१८,७३,५२३.६९ | २,२८,३७,४३,९८८.५८ | ११.४० | १७,७४,८१,२९,५३५.११ |

श्रोतः फैसला कार्यान्वयन निर्देशनालय,२०८० असार



**५.२ विभिन्न अदालतमा रहेका कैदको असुल, फछ्यौंट र बाँकीको विवरण:**

| क.स. | विवरण | जम्मा लगत | | | फछ्यौंछ | | | बाँकी | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वर्ष | महिना | दिन | वर्ष | महिना | दिन | वर्ष | महिना | दिन | |
| १. | सबै अदालत | १५६७७७ | १ | १५ | ४९६०८ | ६ | १८ | १०७१६८ | ६ | २७ | ३१.६४ |

श्रोत: फैसला कार्यान्वयन निर्देशनालय,२०८० असार





**५.३ अदालतका तहसिलदारहरुको धारणा**

दण्ड जरिवानाको असुलीको वर्तमानको सुधारका लागि के कस्तो व्यवस्था आवश्यक छ र यसको प्रभावकारिताका लागि के कस्तो वैकल्पिक उपाय अपनाउन सकिन्छ भन्ने विषयमा अनुसन्धान समूहले प्रश्नावली तयार गरी विधुतिय माध्येमबाट ७७ वटा जिल्ला अदालतका तहसिल शाखामा पठाइएको थियो। यसरी पठाइएका प्रश्नावलीमा त्यस अदालतको फैसला कार्यान्वयन सम्बन्धी धारणा देहाय बमोजिमको पाइयो। अनुसन्धानका लागि तयार पारिएको प्रश्नावली अनुसुची-३ मा समावेश गरिएको छ।

*५.३.१* दण्ड जरिवाना असुलीको पद्दतिमा सुधार प्राप्त प्रश्नावलीमा सत प्रतिशत उत्तरदाताले हालको व्यवस्थामा सुधार आवश्यक छ भनी लेखी पठाएको पाइयो।

*५.३.२* वैकल्पिक उपाय: हालको दण्ड जरिवाना असुली पद्दतीमा सुधार गर्नु पर्ने भए के कस्तो विकल्प हुन सक्छ भनी पठाइएको प्रश्नावलीमा देहाय बमोजिमको धारणा प्रस्तुत गरेको पाइयो।

| क्र.स. | उपयुक्त विकल्प | प्रतिशत |
|---|---|---|
| १. | अदालतबाट प्रहरीसँग समन्वय गरी कार्यान्वयन गर्ने | ६.६ |
| २. | कार्यपालिका मातहतका फौजी र जासुसी (Intelligence) सहितको निकाय गठन गरी अदालतको प्रत्यक्ष समन्वयमा जिम्मेवारी दिने | २६.७ |
| ३. | न्याय समूहभित्र उपसमूह बनाइ दण्ड जरिवानाको असुलीको जिम्मेवारी स्रोत साधन सम्पन्न बनाइ तहसिल शाखालाई दिने | ६६.७ |




*५.३.३* दण्ड जरिवानाको असुलीलाई प्रभावकारी बनाउ मागिएको सुझावमा देहाय बमोजिमका सुझावहरु प्राप्त भएका छन्।

- फैसला कार्यान्वयन शाखामा कर्मचारी कम हुनु प्राप्त लगत पनि अधुरो प्राप्त हुने (जसमा तीन पुस्ते नखुल्नु, वतन परिवर्तन भै सकेको हुने लगत साविककै वतनमा प्राप्त हुने, पूरानो लगतको विवरण स्पष्ट नभएको हुने, वैकीङ कसूर मुद्दामा फैसलाले पुनरावेदन म्यादका सम्वन्धमा मुलुकी फौज्दारी कार्यविधी संहिता २०७४ को दफा १३४ मा भएको व्यवस्था अनसुारको अवधी कटी सकेपछि पनि पुनरावेदन दर्ता हुने, सोको जनाउ लगत राख्ने अदालतलाई नदिइने, सो को कारण पक्राउ गरी ल्याएको कसूरदारलाई पुनः छाड्नु पर्ने, मुद्दा थुनछेकको क्रममा माग भएको धरौट वापत प्रतिवादीले उनाउ व्यक्तिको जेथा राखी पूर्पक्ष भएको मुद्दामा त्यस्तो सम्पति लिलाम नगरेको कारण पक्राउ परी कारागारका पठाईएको प्रतिवादीलाई छाड्नु पर्ने अवस्था देखा परेकोले सो तर्फ ध्यान दिनु पर्ने।
- फैसला कार्यान्वयनमा वाधा परेको तहसिल शाखामा काम गर्ने कर्मचारीको उसको क्षमता अनुसारको सवारी साधन उपलव्ध हुन नसक्नु माथिल्लो निकायमा वसेर नीति निर्माण गर्ने क्रममा तल्लो स्तरका कर्मचारीको कार्य क्षमतालाई अवमूल्य गर्ने गरी लगत असुलीको आयातनलाई वेवास्ता गरी समस्याको

समाधन खातिर सुझाव वा समस्या सम्बन्धित निकायमा राख्दा माथिबाट केही हुन सक्दैन भए दिन हुन्थ्यो भनी ओठे जवाफ मात्र होईन त्यसको समाधान गरिदिनु पर्ने।

- दण्ड जरिवाना असूली प्रयोजनका लागि मात्र अदालतमा छुट्टै प्रहरी संरचना हुनुपर्ने।
- दण्ड जरिवाना असूली कार्यमा डोरमा जाने कर्मचारीका लागि दैनिक भ्रमण भत्ता समयमै उपलब्ध गराउनुपर्ने।
- असूली गरी ल्याएको जरिवानाबाट तत्काल प्रोत्साहन रकम कट्टा गरी बाँकी रकम राजश्वमा दाखिला गर्ने व्यवस्था गर्ने।
- न्याय सेवाका कर्मचारी, नेपाल प्रहरी र स्थानीय निकायको समन्वयात्मक क्रियासिलता कायम गर्न नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।
- लगत अद्यावधिक गरिनुपर्ने।
- अन्य अदालतबाट असुल उपर भएको लगत सम्बन्धमा अनिवार्य रुपमा लगत भएको अदालतमा पत्राचार गरी लगत कट्टा गर्नुपर्ने प्रणालीको विकास गर्नुपर्ने। लगत असुल उपर गर्ने कर्मचारीलाई उचित प्रोत्साहनको व्यवस्थापन गरिनुपर्ने।
- न्यायिक प्रहरीको अवधाराणाको सफल कार्यान्वयन भएकोले साधन श्रोत सम्पन्न तहसिल शाखा, लगत विवरणको अद्दावधिक, लगत असुल सम्वन्धी व्यवहारिक कानुन निर्माण, दण्ड र प्रोत्साहनको उचित व्यवस्था, जनचेतना अभिबृद्धी, अर्धन्यायिक निकाय लगायतका अन्य सरकारी कार्यालयलाई जिम्मेवारीबोध गराउने ।
- मुद्दा अनुसन्धान र अभियोजन प्रणालिबाट घटना/वारदात भएकै स्थानबाट सोही वतनबाट मुद्दा चलाउँदा उपयुक्त हुनेमा स्यायी र अस्थायी वतनका कारण दण्ड जरिवाना असुलीमा प्रभावकारीता देखिएको पाइएन तसर्थ दण्ड जरिवानाको लगत एउटै सफ्टवेयरमा रहने व्यवस्था मिलाई नेपाल भित्रिने, बाहिरिने सबै नाका तथा जिल्लाबाट सो स्पष्ट देखिने र पहिचान हुने गरी लगत राख्नुपर्ने तब माग जुनसुकै ठाउँबाट दण्ड जरिवाना लागेको व्यक्ति पहिचान होस् ।
- छुट्टै निकाय बनाउने।
- भौतिक तथा मानविय संशाधनलाई प्रभावकारी तथा समयसापेक्ष व्यवस्थापन गर्ने।
- कर्मचारीहरुलाई आर्थिक प्रोत्साहन तथा सेवासुविधाको व्यवस्थापन गर्ने।
- स्रोत साधन सम्पन्न बनाउने सवारी साधनको अनिवार्य व्यवस्थापन गर्ने दैनिक भ्रमण भत्ता लगायतका आर्थिक स्रोतको सुनिश्चितता गर्ने कर्मचारीको दरबन्दी बढाई कार्य वातावरण सहज बनाउने छुट्टै उपशाखाको गठन गर्ने प्रहरीसंगको समन्वयलाई थप प्रभावकारी बनाउने (फौजी र जासुसी संयन्त्र निर्माण गर्ने।
- स्थानीय तह तथा अन्य सरकारी कार्यालयसँग समन्वय र सहकार्य (सेवा प्रवाहसँग आबद्ध गर्नु पर्ने)।
- स्रोत साधनमा अभिवृद्धि र न्यायिक प्रहरीको व्यवस्था।

- दोहरो सफ्टवेयर प्रणाली हटाई एउटै लागु गर्नुपर्ने। सबै जिल्ला अदालतहरुमा दण्ड जरिवाना असूलीका लागी दस्ता टोली गठन गर्न पहल गर्नुपर्ने । अदालतका कर्मचारी खटिदा सुरक्षाको प्रत्याभुती हुनुपर्ने। दण्ड जरिवाना असुलीलाई आम्दानीको रुपमा मात्र हेर्ने प्रवृती अन्त्य गरिनुपर्ने ।
- प्रहरी/कर्मचारी/अन्य ब्यक्ति समेतले फरारी प्रतिवादीलाई पक्राउ गरी निजबाट असूल उपर गरेको जरिवाना रकम बुझाएकै दिन धरौटी खातामा जम्मा नगरी रकममध्ये ७०% सोही दिन सदर स्याहा गर्ने, प्रोत्साहन रकम पनि सोही दिन प्रहरी प्रतिवेदक र तहसिलदारलाई उपलब्ध गराइ थप प्रोत्साहित गर्नुपर्ने। कैदको हकमा समेत तत्काल प्रोत्साहन रकम लेखा शाखाबाट भुक्तान गर्ने व्यवस्था मिलाउने व्यवस्था गर्नु पर्ने।
- अदालतमा दण्ड जरिवानाको लगत प्रभावकारी ढंगले व्यवस्थापन गरी दण्ड जरिवाना लागेका व्यक्तिको विवरण सम्बन्धीत स्थानीय तहमा पठाई सेवा प्रवाहसँग लिङ्क गरी दण्ड जरिवाना नबुझाउनेलाई राज्यवाट प्रवाह हुने सेवा सुविधामा रोक लगाउने।
- निवेदनतर्फ न्यायिक प्रहरी सहित न्यायाधीशको २५% तहसिलदारको चयन गर्नुपर्छ।
- कार्यापालिका मातहातका फौजी र जासुसी (Intelligence) सहितको निकाय गठन गरी अदालतको प्रत्यक्ष समन्वयमा जिम्मेवारी दिने।

## ५.४ फैसला कार्यान्वयनसँग सम्बन्धित जनशक्तिसँगको परामर्श वैठक

अध्ययनको सिलसिलामा अनुसन्धान समूहले फैसला कार्यान्वयन निर्देशनालयको स्थलगत अध्ययन र अभिलेख तथा प्रतिवेदनहरुको अध्ययन गरेको छ। साथै अध्ययन समूहले फैसला कार्यान्वयन निर्देशनालयका निर्देशक अधिकृत कर्मचारी तथा पूर्व महानिर्देशक तथा कर्मचारीहरुसंगको परामर्श र केही ठूला अदालतमा कार्यरत न्यायाधीश तथा तहसिलदारहरुसंगको मौखिक परामर्श गरेको छ। अध्ययन समूहले दण्ड जरिवाना असूलीका सम्बन्धमा भएका छलफल तथा परामर्शका आधारमा देहायको धारणा प्राप्त गरेको छ।

- *अदालतबाट प्रहरीसँग समन्वय गरी कार्यान्वियन गर्नेः* केही पदाधिकारीहरुले अदालतबाट प्रहरीसँग समन्वय गरी फैसलाको प्राभावकारी कार्यान्वयन गर्नु उपयुक्त हुने कुरालाई जोड दिएको पाइयो।
- *कार्यापालिका मातहातका फौजी र जासुसी (Intelligence) सहितको निकाय गठन गरी अदालतको प्रत्यक्ष समन्वयमा जिम्मेवारी दिनेः* त्यसैगरी पदाधिकारीसँगको परामर्श वैठकमा दण्ड जरिवानाको असुलीको विकल्पहरुमा कार्यापालिका मातहात फौजी र जासुसी (Intelligence) सहितको निकाय गठन गरी अदालतको प्रत्यक्ष समन्वयमा जिम्मेवारी दिने सहभागीहरुको मत रहेको पाइयो।
- *न्याय समूह भित्र उपसमूह बनाई दण्ड जरिवानाको असुलीको जिम्मेवारी श्रोत साधन सम्पन्न बनाई तहसिल शाखालाई दिनेः* पदाधिकारीसँगको परामर्श वैठकमा न्याय समूह भित्र उपसमूह बनाई दण्ड जरिवानाको असुलीको जिम्मेवारी श्रोत साधान सम्पन्न बनाई तहसिल शाखालाई दिनेमा समेत मत रहेको पाइयो। यसरी सर्वाधिक मत तहसिल शाखालाई स्रोत साधन सम्पन्न बनाई अदालत मातहातमा राख्ने कुरामा रहेको समेत पाइयो।

- *प्यारोल (Parole) प्रोवेशन (Probation):* सामुदायिक सेवा तथा खुला कारागार जस्ता सुधारात्मक विधि २० औं शताव्दी देखि फौजदारी न्यायमा परिवर्तित मान्यता विश्वव्यापी रुपमा विकास भएको देखिन्छ। यसको फलस्वरुप नेपालमा जारी भएको पछिल्लो फौजदारी संहिता कानूनहरुमा प्यारोल प्रोवेशन सामूदायिक सेवा खुला कारागार जस्ता दण्डका सुधारात्मक विधि अपनाउन कानूनले बाटो खोलिदिएको भएता पनि यसको कार्यान्वयन हुन सकेको छैन।
- साना तिना फौजदारी अपराधमा कैदको सट्टा जरिवाना वा आर्थिक सुल्क तिरेमा कैदमै वस्नु नपर्ने अवस्था सृजना गर्न सकिएमा १५५ को दण्डको कार्यान्वयन हुन जान्छ। कारागारको भिडभाड तथा व्यवस्थापनमा सहज हुन जान्छ।
- दण्डको सुधारात्मक विधि अपनाउने भन्दैमा सबै अपराधलाई उदाररुपमा प्रयोग गर्दा दण्डको उद्देश्य नै समाप्त हुने डर हुन्छ। आधुनीक फौजदारी न्याय प्रणालीको दण्डको मान्यता गाम्भिर्यताको आधारमा सजाय निर्धारण हुनु पर्दछ।
- फैसला कार्यान्वयन नै कानूनी प्रकृयाको समाप्ती र कानुनले दिने फल वा परिणाम हो। न्यायको पहुँचलाई सार्थक तुल्याउन फैसलाको कार्यन्वयन अपरिहार्य छ।
- पुरानो कैद, जरिवाना असूली कार्य अत्यन्तै न्यून अवस्थामा मात्र हुने गरेको सन्दर्भमा पुरानो कैद जरिवाना असूली गर्नलाई विशेष व्यवस्था गर्नु पर्ने।
- देश संघीयतामा जाँदा साबिकका गा.वि.स. र न.पा. परिवर्तन भई नयाँ गाउँपालिका र नगरपालिका बनेकाले दण्ड जरिवानाको असूल तहसिललाई प्रभावकारी बनाउन अदालतको फैसलाले कैद तथा जरिवाना वा दुवै ठहरेका व्यक्तिहरुको परिवर्तित वतन हालसाविक अद्यावधिक गरी त्यस्ता व्यक्तिहरुको लगत सफ्टवेयरमा प्रविष्टी गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइनु पर्दछ। अब दर्ता हुने हरेक लिखतमा साबिक र हालको दुबै वतन अनिवार्य रुपमा खुलाउनु पर्ने व्यवस्था मिलाउनु पर्दछ।
- अदालतको जिन्सीमा लगत कसिएका जिन्सी सामान के गर्ने भनी फैसलाको तपसिल खण्डमा स्पष्ट रुपमा उल्लेख नभएको अवस्थामा फैसला अन्तिम भएपछि त्यस्ता सामान लिलाम हुन सके लिलाम गरी राजश्वमा आम्दानी बाँध्नु पर्ने र लिलाम हुन नसकेमा नष्ट गरी जिन्सी लगत कट्टा गर्ने व्यवस्था नियमावलीमा उल्लेख गर्नु पर्ने।
- जरिवाना लागेको व्यक्तिले तत्कालै वा साठी दिन भित्र बुझाएमा २० प्रतिशत छुट पाउने व्यवस्था मुलुकी देवानी कार्यविधि सहिता २०७४ को दफा २४६ मा उल्लेख भएको छ तर फौजदारीमा छैन। साविक मुलुकी ऐनमा रहेकोमा हालको फौजदारी संहितामा सो व्यवस्था उल्लेख भएको नदेखिदा उल्लेखित व्यवस्था राख्न उपयुक्त हुने।
- मुलुकी फौजदारी (कार्यविधि) संहिता, २०७४ को दफा १४२ मा पुनरावेदनको कारबाहीको सिलसिलामा पुनरावेदक वा प्रत्यर्थी तारिखमा नरहे पनि हुने व्यवस्थाले उच्च अदालत र सर्वोच्च अदालतमा रिट निवेदन बाहेकका मुद्दाका पक्षहरु तारिखमा नरहन सक्ने हुँदा यसबाट फैसला कार्यान्वयनमा ढिलाई हुन सक्ने देखिएको छ।

- मुलुकी फौजदारी (कार्यबिधि) संहिता. २०७४ को दफा १५६ मा कैदको सजाय भएको कसूरदार उपस्थित नभई फरार रहेको अवस्थामा निजलाई पक्राउ पुर्जी जारी गरी निजको सम्पत्ति रोक्का राख्नु पर्ने व्यवस्था गरेको तर ऐ.को दफा १५७ मा कैद असूलीको व्यवस्था नगरी पनि कैद मिनाहा नहुने हुँदा असूल गर्न लगत कस्नुपर्छ।
- चलन चलाउँदा जिन्सी सामान उठाउनु पर्ने अवस्थामा सामान उठाउने साधन र राख्ने गोदामको अभावमा समस्या उत्पन्न हुने गरेकाले त्यस्तो जिन्सी सामान उठाई ल्याउन आवश्यक सवारी साधन र त्यस्ता सामानहरु सम्बन्धित माल धनीले बुझी नलगेसम्म सुरक्षित रुपमा राख्न आवश्यक गोदामको व्यवस्था समेत हुनु पर्ने।
- देवानी कार्यविधि संहिता २०७४ को दफा २२९ र २४९ अनुसार देवानी मुद्दाको हकमा विगो वा क्षतिपूर्ति भराउँदा कानून बमोजिम अदालती शुल्क लिनुपर्नेछ।
- फौजदारी मुद्धाको कैद जरिवाना असुल गरी फैसला कार्यान्वयनमा प्रभाबकारीता ल्याउनका लागि छुट्टै संरचनाको व्यवस्था गर्नु पर्ने, तत्काल सो सम्भावना नभएको खण्डमा कैद, जरिवाना र सरकारी बाँकी असूल गर्न प्रहरी संगठनभित्र नै न्यायिक प्रहरीको छुट्टै ईकाई गठन गर्नु पर्ने ।
- दस्तुर दाखिल गरेकै दिन डोर खटाउने व्यवस्था ऐनमा रहेको हुँदा सो अनुसार फैसला कार्यान्वयन गर्न आवश्यक भौतिक र मानवीय स्रोत साधनको यथोचित व्यवस्था गर्नु पर्ने।
- तहसीलमा काम कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्नका लागि व्यावहारिक रुपमा मद्दत पुग्ने खालका विशिष्ट तालिम कार्यक्रम सञ्चालन गर्नु पर्दछ।
- घरसारमा मिलेको अवस्थामा पनि अदालती दस्तुर लाग्ने हुँदा सो सम्बन्धमा एकरुपता नहुँदा परिपत्र गरिनु पर्ने देखिन्छ।तर मेलमिलाप योग्य विषयमा तहसिल तर्फ मेलमिलाप केन्द्रबाट मिलापत्र भएमा दस्तुर लिनु हुदैन।
- न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको रणनीतिक उद्देश्य १.५ मा अन्तिम फैसलाले दण्ड जरिवाना लागेका व्यक्तिहरूको विवरण सार्वजनिक सञ्चार माध्यम तथा अदालतको वेबसाइटमा प्रकाशन गर्ने साथै दण्ड जरिवाना लागेका ब्यक्तिलाई सरकारी सेवा प्रवाहमा बन्देज लगाउन लगतको विवरण सेवा प्रवाह गर्ने निकायहरूमा लेखी पठाउने भनी जिल्ला अदालत नियमावली, २०७५ को नियम ८७ को व्यवस्थाको समेत कार्यान्वयन गर्ने सम्बन्धमासमेत उल्लेख भएकोमा सो को कार्यान्वयन गर्ने प्रयोजनार्थ त्यस्तो लगत लागेको व्यक्तिको विवरण सार्वजनिक गरिने व्यहोराको म्याद सहितको सूचना जारी गरी तिर्न बुझाउन आव्हान गर्ने र सो अवधिभित्रमा तिर्न बुझाउन नआए वा अटेर गरे त्यस्ता व्यक्तिगत विवरण सार्वजनिक गर्ने प्रबन्ध गरिहाल्नु आवश्यक छ।
- विषेश अदालतबाट भ्रष्टाचार, सम्पति शुद्धीकरण र राज्य विरुद्धका अपराध जस्ता मुद्दा फैसला अन्तिम भई जफत हुने चल/अचल सम्पतिको विवरण संकलन गरी सोको अनुगमन गर्ने प्रयोजनार्थ प्रथम चरणमा फैसला कार्यान्वयन निर्देशनालय र विशेष अदालतको समन्वयमा सूचना संकलन गरी भ्रष्टाचार, सम्पति शुद्धीकरण र राज्य विरुद्धका अपराधका लगायतका मुद्दा अन्तिम भई जफत हुने ठहरेका सम्पति (घर जग्गा जमिन, सवारी साधन, सेयर तथा बैङ्क ब्यालेन्स) नेपाल सरकारको नाउँमा दर्ता वा

लगत हस्तान्तरण गर्ने प्रयोजनार्थ लगत विवरण तयार गर्ने र यसलाई अभियानको रुपमा सञ्चालन गर्न आवश्यक देखिएको छ।

- त्यसैगरी नियमित अदालतहरुबाट अन्तिम भएका सम्बद्ध अपराधहरु (Predicate Crimes) सँग सम्बन्धित जस्तैः आतङ्कवादमा वित्तीय लगानी लगायतका लागू औषध, बैंङ्किङ कसूर, वैदेशिक रोजगार, आतंङ्कवादी क्रियाकलाप, संगठित अपराध लगायतका मुद्दाहरुमा सम्पति शुद्धीकरणसँग सम्बद्ध आर्थिक अपराधका विषयमा सबै जिल्ला अदालतले मुद्दा अन्तिम भई जफत हुने ठहरेका अचल सम्पति (घरजग्गा) नियमानुसार लिलाम गर्न नपर्नेमा नेपाल सरकारको नाउँमा दर्ता गर्ने वा हस्तान्तरण गर्ने प्रयोजनार्थ लगत विवरण तयार गर्ने र यसलाई अभियानको रुपमा सञ्चालन गर्नु पर्ने देखिन्छ।
- सम्पति शुद्धीकरण र सो सँग जोडिएका सम्बद्ध अपराधहरु (Predicate Crimes) राष्ट्रको सन्धीजनित अन्तराष्ट्रिय वित्तीय प्रणालीसँग जोडिएको एक प्रकारको आर्थिक अपराध (Financial Crime) मानिएको हुँदा त्यस्ता अपराध सम्बद्ध भएका सरकारवादी मुद्दामा सरकारी वकिल कार्यालयबाट अदालतमा अभियोग पत्र दर्ता गर्न ल्याउँदा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० बमोजिम जफत सम्मको भुमिका तहसिल शाखाको हुने भएकोले त्यस्ता अपराधको सम्बन्धमा अभियोगपत्रमा स्पष्ट उल्लेख गरी ल्याउने र अदालतले पनि त्यस्ता अपराधसँग सम्बन्धित मुद्दाहरु दर्ता गर्दा वा DCM Software वा त्यही प्रयोजनको लागि तयार भएको छुट्टै Software मा जनाउँदा त्यस्ता सम्बद्ध अपराधहरुको ठहर भएका अन्तिम फैसला कार्यान्वयनमा सहजता आई अन्तराष्ट्रिय दायित्व पालना गर्न अन्तरगत आवधिक मुल्यांकनको लागि आवश्यक पर्ने तथ्याङ्क प्राप्त गर्न सहज हुने हुँदा सोही अनुसार व्यवस्थापन गर्न गराउन आवश्यक व्यवस्था मिलाउनु पर्ने देखिन्छ।
- सरकारवादी फौजदारी मुद्दामा ठहर भएका कैद, दण्ड, जरिवाना लागेका फरारी व्यक्तिहरुलाई पक्राउ गरी लगत असूल उपर गर्ने कार्यका लागि CIB लगायत प्रहरी कार्यालयसँग समन्वय गरी आवधिक रुपमा आवश्यक छलफल/अन्तरक्रिया र लगत संचारको कामलाई व्यवस्थित गरिनु पर्ने देखिन्छ।
- लागत एकिन गर्न तथा फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउन अदालतले निर्वाचन आयोगको मतदाता विवरण प्राप्त गर्ने तथा आयोगलाई आवश्यक पर्ने अदालतमा रहेको विवरण उपलब्ध गराउन समझदारी विकास गर्ने।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वन) ऐन, २०७४ को दफा ५ बमोजिम घटि सजाय हुने गोबध, ठगी जस्ता विषय यो कानुन लागू हुनु अघि फैसला भएका मुद्धाहरुको हाल फैसला कार्यान्वयन गर्दा कानुन बमोजिम सजाय घटि गर्ने अधिकार क्षेत्रको प्रयोग फैसला कार्यान्वयन निर्देशिकाको नियम ४२ मा उल्लेख भए बमोजिम गर्ने।
- सजाय भएका व्यक्ति देश छोडी भाग्ने सम्भावनालाइ विचार गर्दा छिमेकी मुलुक भारतसँगको खुला सिमानाका कारणले यो कुराले धेरै प्रश्रय पाएको देखिन्छ। तसर्थ भारत लगायत अन्य छिमेकी मुलुकहरुसँग फौजदारी विषयमा आपसी सहयोगको संझौता गरी फैसला कार्यान्वयनको तहसम्म पनि आपसी सहयोग आदान प्रदान गर्न सक्ने प्रबन्ध गरिनु पर्दछ।
- कैद असुल गर्ने व्यक्तिलाई प्रदान गरिने साविकको प्रोत्साहन रकम रु. १५०।— प्रति महिनाबाट बढाउने तर्फ जिल्ला अदालत नियमावली, २०७५ नियम ८६(७) को संसोधन गरिनु पर्छ । कैद तथा

जरिवाना असुलीबापतको प्रोत्साहन रकम तत्काल उपलब्ध गराउने सम्बन्धमा कानूनी व्यवस्था गरी छुट्टै शीर्षकमा रकम निकासा गर्ने। कैद तथा जरिवाना असुली बापतको प्रोत्साहन रकम तत्काल उपलब्ध गराउने व्यवस्था मिलाइनु पर्दछ।

- जिल्ला अदालत नियमावली, २०७५ नियम ८६ मा आवश्यक संसोधन गरी अन्य व्यक्ति वा निकायले असुल उपर गरी ल्याएबापत पाउने २५ प्रतिशत प्रोत्साहन भत्ताको रकम लगत राखे र यधावधिकगर्ने कार्यमा खटीएका तहसिल शाखा का कर्मचारी र त्यसरी असुल उपर गरी ल्याउने व्यक्ति वा निकायका बिच आधा आधा हुने गरी नियममा व्यवस्था मिलाउनु उपयुक्त हुने।
- तहसील शाखालाइ भौतिक रुपमा स्रोत साधन सम्पन्न बनाउन पर्दछ र यसलाई न्याय प्रशासनको अत्यन्त महत्वपूर्ण शाखाको रुपमा व्यवहार गरिनु पर्दछ। सवारी साधन सञ्चालन हुने इलाकामा फैसला कार्यानवयन सम्बन्धी कार्यका लागि प्रयाप्त र आवश्यक संख्यामा सवारी साधन र इन्धन उपलब्ध गराउनु पर्दछ।
- सर्वोच्च अदालत नियमावली २०७५ को नियम १३०(क) अनुसार फै.का.नि. फैसला कार्यान्वयन सम्बन्धि केन्द्रीय निकायको रुपमा काम गर्ने भनी उल्लेख भएको सो निर्देशनालयको सिफारिशमा उत्कृष्ट कार्य सम्पन्न गर्ने जिल्ला अदालतलाई Best performer of the Year छनौट गरी सम्मानित गरिनु पर्छ।
- देवानी मुद्धामा फैसला कार्यान्वयन गर्न देवानी कार्यविधी संहिता २०७४ को दफा २३६ बमोजिम जित्ने पक्षले म्याद वा तारिख गुजारी थाम्ने म्याद नाघेको मितिले फैसला कार्यन्वयनको लागि निवेदन दिने अधिकतम् म्याद एक वर्ष मात्र रहेकोले फैसला कार्यान्वयनलाई शिघ्र र प्रभाबकारी बनाउन सोही कानुनी व्यवस्था बमोजिम गरिनु पर्छ ।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा उल्लेख भए बमोजिम कुनै कसूरका सम्बन्धमा कसूर गर्दाका बखत भन्दा सजाय निर्धारण गर्दाका बखत कानून बमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्नेछ भनी उल्लेख भएको व्यवस्थाको प्रयोगमा विविधता देखिएकोले एकरुपता कायम गर्न सम्मानित सर्वोच्च अदालतबाट आवश्यक परिपत्र गर्नु वाञ्छनिय देखिन्छ।
- न्यायाधीशले फैसलाको तपसिल खण्ड स्पष्ट र कार्यान्वयन गर्न सकिने गरी नलेखिदिँदा फैसला कार्यान्वयन अधिकारीलाई समस्या भएको छ।
- अदालतमै बाटै धरौट जेथा जमानीमा राखेका प्रतिवादीहरुको अन्तिम फैसला हुँदासमेत जरिवाना असूली हुन नसकेको गम्भिर त्रुटी देखिन्छ।
- फैसला कार्यान्वयनका विषयमा मेलमिलाप पद्धतिबाट मिलापत्र गर्दा अदालती दस्तुर मिनाहा दिने सम्बन्धमा मेलमिलाप ऐन, २०६८ को कानूनी व्यवस्थाको प्रयोगमा एकरुपता कायम गर्न आवश्यक परिपत्र गर्नु वाञ्छनिय देखिन्छ।
- अदालत व्यवस्थापन समिति र न्याय क्षत्र समन्वय समितिलाई क्रियाशील बनाइ सरोकारवाला निकायहरुबाट फैसला कार्यान्वयनका क्षेत्रमा सहयोग जुटाउने तर्फ प्रयास गर्नु पर्ने देखिन्छ। यसका लागि केन्द्रिय न्याय क्षेत्र समन्वय समितिले नियमित रुपमा फैसला कार्यान्वयन सम्बन्धी रणनीति र

निर्देशन तयार गरी तल्लो तह सम्म निर्देशित गर्नु पर्दछ। त्यस्ता निर्देशनको कार्यान्वयन सम्बन्धका लागि नियमित अनुगमन र मुल्याङ्कन गर्न उच्च तथा जिल्ला स्तरीय न्याय क्षेत्र समन्वय समितिलाइ क्रियाशील गर्नु पर्दछ। त्यस्ता समितिको बैठक नियमित रुपमा बस्ने र कार्य प्रगतिको समीक्षा गर्ने व्यवस्था गरिनु पर्दछ।

# परिच्छेद - छ

# निष्कर्ष र सुझाव

फैसला कार्यान्वयन निर्देशनालय सर्वोच्च अदालत तथा अन्य निकायबाट प्राप्त माध्यमिक तथ्याङ्क र सूचना तथा प्रश्नावली र परामर्श बैठकबाट प्राप्त तथ्याङ्क तथा सूचनालाई गरिएको विश्लेषणका आधारमा देहाय बमोजिमको निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ।

## ६.१ निष्कर्ष

प्रस्तुत अध्ययनबाट दण्ड जरिवानाको असूलीमा देहाय बमोजिमको निष्कर्षमा अनुसन्धानकर्ता पुगेको छः

(क) तीन आर्थिक बर्षका प्रतिवेदनका आधारमा दण्ड र जरिवानाको असूलीको अवस्था सन्तोषजनक देखिएन । आ.ब. २०७६/७७ ०७७/७८ र ०७८/७९ मा क्रमशः २४.७८, १४.७९ र ११.४० प्रतिशत मात्र फछ्यौट भएको पाईयो। यसै गरी कैदको असूली पनि निरासाजनक रहेको छ।

(ख) आ.ब. २०७६/७७ ०७७/७८ र ०७८/७९ मा क्रमशः ३३.४९, २६.५५ र ३१.४६ प्रतिशत मात्र फछ्यौट भएको पाईयो। दण्ड र जरिवाना असूली कम हुँदै गएको देखियो।

(ग) संवैधानिक प्रावधान र कानूनी व्यवस्थाहरुले दण्ड जरिवाना असूल गर्न केही सहज भएको स्थिति पाईयो।

(घ) संवैधानिक र कानूनी व्यवस्थाहरुको कार्यान्वयनका लागि कार्यपालिकासंगको समन्वयमा अदालत र फैसला कार्यान्वयन निर्देशनालय निरन्तर रुपमा लागिरहेको भए पनि प्रभावकारी कार्यान्वयन भएको पाईएन।

(ङ) वैदेशिक असल अभ्यासको अध्ययनले दण्ड र जरिवाना असूल गर्ने कार्य अदालत बाहेकको विशिष्टिकृत निकाय गठन गरी व्यवस्थित गरेको पाईयो।

(च) न्याय समूह भित्र उपसमूह बनाई दण्ड जरिवानाको असूलीको जिम्मेवारी श्रोत साधन सम्पन्न बनाई तहसिल शाखालाई दिने कार्यपालिका मातहतका फौजी र जासुसीसहितको निकाय गठन गरी अदालतको प्रत्यक्ष समन्वयमा जिम्मेवारी दिन अदालतबाट प्रहरीसंग समन्वय गरी कार्यान्वयन गर्ने विषयमा क्रमशः ६६.७ २६.७ र ६.६ प्रतिशत कार्यरत तहसिलदारहरुको भनाई रहेको छ।

(छ) अधिकांश परामर्शदाताले दण्ड जरिवाना, कैद असूलीका लागि कार्यापालिका अन्तर्गतको छुट्टै निकाय गठन हुनु पर्ने धारणा प्राप्त भएको छ भने अन्य फैसलाको कार्यान्वयनका लागि प्रहरी र स्थानीय नियकायसंग समन्वय गरी अदालतका सक्षम तहसिल शाखाबाट हुनु पर्ने सुझाब आएको छ।

(ज) जरिवाना र कैदको लगत कस्ने कार्य नै अपुरो भएका र अभिलेख पनि दुरुस्त हुन नसकेको तर कार्य विद्युतीय माध्यमबाट अभिलेख राख्न शुरुवात गरेको पाईयो।

(झ) फैसला कार्यान्वयनका लागि कैदको लगत कस्ने, जरिवाना, सरकारी बाँकी, सरकारी विगो, जफत, क्षतिपूर्ति, न्यायिक टिप्पणी, सामूदायिक सेवा, कैदी पूर्जि जारी, अरबौको हरहिसाव

राख्ने, पुनरावेदनको आधारमा पुनः अध्यावधिक, प्रतिवादीको पहिचान गर्ने जस्ता कार्य गर्नु पर्ने भएकाले फैसला कार्यन्वयनमा कार्यरत जनशक्तिको कार्यवोझ बढी नै देखियो।

(ञ) प्राविधिक काम पनि गर्नु पर्ने भएकाले सो सम्बन्धी जनशक्तिको कुनै व्यवस्था नै नभएको पाईयो।

(ट) हालको जनशक्ति र आर्थिक श्रोत साधनमा न्याय निरुपणका अन्य कार्यमा भन्दा फैसला कार्यान्वयनका लागि अति न्यून बजेट हुने गरेको र डोर तथा असूली कार्यमा खटिएका कर्मचारीलाई दैनिक भ्रमणभत्ता तथा अन्य प्रोत्साहनसमेत नभएको।

(ठ) सामुदायिक सेवा तथा खुला कारागार जस्ता सुधारात्मक विधिलाई अलवम्बन गर्न फौजदारी संहिता कानूनहरुमा प्यारोल प्रोवेशनको व्यवस्था गरिएको भए पनि यसको कार्यान्वयन हुन सकेको छैन।

(ड) फैसला कार्यान्वयनका लागि कार्यरत निकाय तथा जनशक्तिको समन्वयात्मक क्रियाशिलताका लागि कुनै नीति तथा कार्यक्रम तय नभएको।

(ढ) खुला सिमाना र फौजदारी अभियोग लागेका व्यक्तिलाई राज्यबाट सुविधा दिईरहेको (जस्तैः पासपोर्ट निर्माण) ले कैद असूलीमा समस्या रहेको छ।

(ण) धरौट जेथा जमानीमा रहेका प्रतिवादीहरुको अन्तिम फैसला हुँदासमेत जरिवाना असूली हुन नसकेको गम्भिर त्रुटी देखिन्छ।

(त) न्यायाधीशले दण्ड निर्धारण गर्दा र फैसलाको तपसिल खण्ड लेख्दा स्पष्ट र कार्यान्वयन गर्न सकिने गरी नलेखिदिंदा फैसला कार्यान्वयन अधिकारीलाई समस्या भएको पाईयो।

## ६.२ सुझाव

उल्लेखित निष्कर्षका आधारमा दण्ड जरिवानाको असूलीलाई प्रभावकारी बनाउनका लागि सम्बन्धित निकायका लागि देहायको सुझावहरु प्रस्तुत गरिएको छः

- दण्ड जरिवानाको असूल उपर गर्ने कार्य प्राविधिक र जटिल भएकाले अदालतसंग समन्वयमा रहने गरी अधिकार तथा साधन श्रोत सम्पन्न फौजी र जासुसीसहितको छुट्टै निकाय गठन र सञ्चालनका लागि विशेष कानून बनाई कार्यन्वयन ल्याउनु पर्दछ।
- छुट्टै निकाय गठन नहुँदासम्म अदालतको तहसिल शाखालाई सक्षम बनाई न्यायिक प्रहरीसमेतको अधिकार तथा श्रोत साधन सम्पन्न शाखा निर्माण गरी अभियान रुपमा दण्ड जरिवाना असूलीको कार्य अगाडी बढाउनु पर्दछ।
- मौजुदा कानूनहरुमा प्रतिवादीको पहिचानका लागि बायोमेट्रिकको व्यवस्था, प्रतिवादीहरुलाई राज्यले उपलब्ध गराउने सेवा तथा सामाजिक दायित्वमा रोक लगाउनेजस्ता कानूनहरुको निर्माण गर्नु पर्दछ।
- अदालतहरुको एकिकृत फैसला कार्यान्वयनलाई व्यवस्थित गर्नका लागि साविकको फैसला कार्यान्वयन निर्देशनालयलाई प्रभावकारी बनाउनु पर्ने।
- शुरु तहका अदालतमा तहसिल शाखालाई निरन्तरता दिई साधनश्रोत सम्पन्न गराउनु पर्ने।
- तहसीलदारहरुलाई विशेषज्ञको रुपमा विकास गरी अधिकार सम्पन्न गर्नु पर्ने।

- धेरै मुद्दा भएका ठाउँमा एक भन्दा बढी आवश्यकताका आधारमा तहसीलदार नियुक्ति गर्नु पर्ने।
- फौजदारी संहिता कानूनहरुमा भएको प्यारोल प्रोवेशनको व्यवस्था तुरुन्तै लागू गरी कार्यान्वयनमा ल्याउनु पर्ने।
- खुला सिमानाका कारण प्रतिवादी लुकिछिपि विदेशिने भएकाले सिमानाको व्यवस्थापन राम्रोसंग हुनु पर्ने।
- सजाय ठेकिएका प्रतिवादीहरुको पासपोर्ट लगायतका सरकारी कागजात तयार गर्नबाट रोक लगाउनु पर्ने।
- फैसलाको तपसील खण्ड स्पष्ट र कार्यान्यिन गर्न सकिने खालको हुनु पर्ने।
- सजाय निर्धारण गर्दा कार्यान्वयनको दृष्टिकोणबाटसमेत हेरी सोही बमोजिम गर्ने।
- अदालतमा धरौट जेथा जमानत राखेका प्रतिवादीसमेतको सजाय जरिवाना असूल नभएकोले सो कार्य अविलम्ब गर्नु पर्ने देखियो।

# अनुसूचीहरु

# अनुसूची - १

## दण्ड जरिवानाको असुल फछ्र्यौट र बाँकीको विवरण

| सि.नं. | अदालतको नाम | जिम्मेवारी सरी आएको | नया लगत | जम्मा लगत | फछ्र्यौट | बाकी | फ.प्र. |
|---|---|---|---|---|---|---|---|
| **उच्च अदालत विराटनगर मातहत** | | | | | | | |
| १ | मोरङ्ग जिल्ला अदालत | २५२३९१४१३.८७ | २००९०२५५.१० | २७२४८१६६८.९७ | २८२३५६३८.९७ | २४४२४६०३०.०० | १०.३६ |
| २ | सूनसरी जिल्ला अदालत | ३१२२८१८००.६४ | ५११६२८५८१.२५ | ८२३९१०३८१.८९ | ३६१३२५४९९.७८ | ४६२५८४८८२.११ | ४३.८५ |
| **जम्मा** | | **५६४६७३२१४.५१** | **५३१७१८८३६.३५** | **१०९६३९२०५०.८६** | **३८९५६११३८.७५** | **७०६८३०९१२.११** | ३५.५३ |
| **उच्च अदालत विराटनगरको अर्को इजलास इलाम इजलास मातहत** | | | | | | | |
| ३ | इलाम जिल्ला अदालत | ५८२४१५२०।७८ | १६७२४२७८।५५ | ७४९६५७९९।३३ | ६३४१५२५।६६ | ६८६२४२७३।६७ | ८.४६ |
| ४ | पांचथर जिल्ला अदालत | ९७४०५४३।९२ | १६२८१४००।२२ | २६०२१९४४।१४ | ६५९९९४९।५० | १९४२१९९४।६४ | २५.३६ |
| ५ | झापा जिल्ला अदालत | ३८८७२७२६३।४५ | ६४१०७३०७।०० | ४५२८३४५७०।४५ | ५२६३१७०६।४५ | ४००२०२८६४।०० | ११.६२ |
| ६ | ताप्लेजूङ्ग जिल्ला अदालत | ३२५४८०३९।०० | ६३८२८६७।०० | ३८९३०९०६।०० | २२८७०४१।०० | ३६६४३८६५।०० | ५.८७ |
| **जम्मा** | | **४८९२५७३६७।१५** | **१०३४९५८५२।७७** | **५९२७५३२१९।९२** | **६७८६०२२२।६१** | **५२४८९२९९७।३१** | ११.४५ |
| **उच्च अदालत विराटनगरको अर्को इजलास धनकूटा इजलास मातहत** | | | | | | | |
| ७ | धनकूटा जिल्ला अदालत | ८६१८२२१।३६ | १९८४२६००।६५ | २८४६०८२२।०१ | २१४२५००।०० | २६३१८३२२।०१ | ७.५३ |
| ८ | भोजपूर जिल्ला अदालत | २१२१२३६७५३ | ७५५९८२४।६६ | २८७७२१९२।१९ | ६९००६१५।५० | २१८७१५७६।६९ | २३.९८ |
| ९ | तेह्रथूम जिल्ला अदालत | १०९२७२९३५।०० | ३३११९१०१।०० | १४२३९२०३६।०० | ५७६०७००।०० | १३६६३१३३६।०० | ४.०५ |
| १० | संखूवासभा जिल्ला अदालत | १९४२९५५१।९९ | ३८४६७७७९।०० | ५७८९७३३०।९९ | २१७९०६०४।०० | ३६१०६७२६।९९ | ३७.६४ |
| | **जम्मा** | **१५८५३३०७५।८८** | **९८९८९३०५।३१** | **२५७५२२३८१।१९** | **३६५९४४१९।५०** | **२२०९२७९६१।६९** | १४.२१ |
| **उच्च अदालत विराटनगरको अस्थायी इजलास ओखलढूङगा इजलास मातहत** | | | | | | | |
| ११ | ओखलढूङा जिल्ला अदालत | ६१६४८४५६।८३ | ५५१८१८३।३४ | ६७१६६६४०।१७ | ५७९११९।५१ | ६६५८७५२०।६६ | ०.८६ |
| १२ | खोटाङ्ग जिल्ला अदालत | ४०४३३०३८।३० | २२९७३५६।४२ | ४२७३०३९४।७२ | ५३०३८४१।६२ | ३७४२६५५३।१० | १२.४१ |
| १३ | सोलूखूम्बू जिल्ला अदालत | १६२१५८२४।६९ | १०७१४६००।०० | २६९३०४२४।६९ | ३८५१४९१।०३ | २३०७८९३३।६६ | १४.३० |
| १४ | उदयपूर जिल्ला अदालत | २००८९३५८०।१९ | ३५५६३६४७।१८ | २३६४५७२२७।३७ | १३९५१५७४।८० | २२२५०५६५२।५७ | ५.९० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | **३१९१९०९००।०१** | **५४०९३७८६।९४** | **३७३२८४६८६।९५** | **२३६८६०२६।९६** | **३४९५९८६५९।९९** | ६.३५ |
| **प्रदेश नं. १ को कुल जम्मा** | | **१५३१६५४५५।७५५** | **७८८२९७७८१।३७** | **२३१९९५२३३८।९२** | **५१७७०१८०७।८२** | **१८०२२५०५३१।१०** | २२.३२ |
| **उच्च अदालत जनकपूर मातहत** | | | | | | | |
| १५ | धनूषा जिल्ला अदालत | ११२९८७४६७।४६ | २३५३८९४८।०० | १३६५२६४१५।४६ | १४४२२९६६।०० | १२२१०३४४९।४६ | १०.५६ |
| १६ | महोत्तरी जिल्ला अदालत | १०२८८५७९८।४५ | १५३९०८५६।०० | ११८२७६६५४।४५ | ४६९७८१०।५९ | ११३५७८८४३।८६ | ३.९७ |
| १७ | सर्लाही जिल्ला अदालत | २९४४४५००५।३६ | २१८२७७६४।५० | ३१६२७२७६९।८६ | ६३७३९५५।०० | ३०९८९८८१४।८६ | २.०२ |
| **जम्मा** | | **५१०३१८२७।२७** | **६०७५७५६८।५०** | **५७१०७५८३९।७७** | **२५४९४७३१।५९** | **५४५५८११०८।१८** | ४.४६ |
| **उच्च अदालत जनकपूरको अर्को इजलास राजविराज इजलास मातहत** | | | | | | | |
| १८ | सप्तरी जिल्ला अदालत | ५८१४६९५७।५७ | १६८७३४८४।१९ | ७५०२०४४१।७६ | १६७३३९८७।०२ | ५८२८६४५४।७४ | २२.३१ |
| १९ | सिराहा जिल्ला अदालत | १२०८३८५२८।०० | ३५५२९०९२।०० | १५६३६७६२०।०० | २३९६०९४०।०० | १३२४०६६८०।०० | १५.३२ |
| | **जम्मा** | **१७८९८५४८५।५७** | **५२४०२५७६।१९** | **२३१३८८०६१।७६** | **४०६९४९२७।०२** | **१९०६९३१३४।७४** | १७.५९ |
| **उच्च अदालत जनकपूरको अस्थायी इजलास विरगंज इजलास मातहत** | | | | | | | |
| २० | वारा जिल्ला अदालत | ७१७९६२५९।६६ | ६८१४८८४७२१ | १३९९४५१०६।८७ | १७९७७५६९१९३ | १२१९६७५३६।९४ | १२.८५ |
| २१ | पर्सा जिल्ला अदालत | ९५७१५१५९६।२६ | ४६०३४६८०।०० | १००३१८६२७६।२६ | ५२४४४२५५।५१ | ९५०७४२०२०।७५ | ५.२३ |
| २२ | रौतहट जिल्ला अदालत | ४६४६४९६३।५९ | २९३९६६४१।७१ | ७५८६१६०५।३० | १२६४५६५२।०० | ६३२१५९५३।३० | १६.६७ |
| | **जम्मा** | **१०७५४१२८१९।५१** | **१४३५८०१६८।९२** | **१२१८९९२९८८।४३** | **८३०६७४७७४४** | **११३५९२५५१०।९९** | ६.८१ |
| **प्रदेश नं. २ को कुल जम्मा** | | **१७६४७१६५७६।३५** | **२५६७४०३१३।६१** | **२०२१४५६८८९।९६** | **१४९२५७१३६।०५** | **१८७२१९९७५३।९१** | ७.३८ |
| **उच्च अदालत पाटन** | | | | | | | |
| २३ | काठमाण्डौं जिल्ला अदालत | ८४३३३५३५२१।९६ | ७११५९६४९०।२० | ९१४४९५००१२।१६ | ५२३३७३६४९।७० | ८६२१५७६३६२।४६ | ५.७२ |
| २४ | ललितपूर जिल्ला अदालत | ४५९८८०७२४।१० | २०४३१८०१९।०० | ६६४१९८७४३।१० | १८८८०५५८३।०० | ४७५३९३१६०।१० | २८.४३ |
| २५ | भक्तपूर जिल्ला अदालत | १५७९९७०८०।०० | ६४१२१९२२।०० | २२२११९००२।०० | ९८३३६३४८।०० | १२३७८२६५४।०० | ४४.२७ |
| २६ | काभ्रेपलाञ्चोक जिल्ला अदालत | ६६११८६६७७।०० | ३३५२९६६२।०० | ६९४७१६३३९।०० | १६७२८७०८।०० | ६७७९८७६३१।०० | २.४१ |
| २७ | धादिङ्ग जिल्ला अदालत | ५५७८५१५३।१३ | २३२००५८५।०० | ७८९८५७३८।१३ | ४८५५०१२।५० | ७४१३०७२५।६३ | ६.१५ |
| २८ | सिन्धूपाल्चोक जिल्ला अदालत | ५८३२९४७७३।०० | ६९३६५७८४।०० | ६५२६६०५५७।०० | ४०२५३५२४।०० | ६१२४०७०३३।०० | ६.१७ |
| २९ | नूवाकोट जिल्ला अदालत | १५५३३६६६०।६८ | १११६३६५०२।०० | २६६९७३१६२।६८ | १७९०४५७८५।६४ | ८७९२७३७७।०४ | ६७.०७ |
| ३० | रसूवा जिल्ला अदालत | १६८७५५६८।३० | २०२६०००।०० | १८९०१५६८।३० | २०२००००।३० | १६८८१५६८।०० | १०.६९ |
| ३१ | दोलखा जिल्ला अदालत | ११३९०९६५३।७६ | ७२६१७४१९।६० | १८६५२७०७३।३६ | ३७८५४५७५३ | १८२७४१६१५।८३ | २.०३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२ | रामेछाप जिल्ला अदालत | ११०५१५३१८।०० | १०७५०४९८०।०० | २१८०२०२९८।०० | १२५६५१७।६६ | २०५४५५१२६।३४ | ५.७६ |
| ३३ | सिन्धुली जिल्ला अदालत | ३३०३८१८२।९९ | १२८८९०१२।५५ | ४५९२७१९५।५४ | १०९७९२२४।५० | ३४९४७९७।०४ | २३.९१ |
| | **जम्मा** | **१०७८११७३३१२।९२** | **१४१२८०६३७६।३५** | **१२१९३९७९६८९।२७** | **१०८०७४८४६४।८३** | **१११९३२३१२२४।४४** | ८.८६ |
| **उच्च अदालत पाटनको इजलास हेटौडा इजलास मातहत** | | | | | | | |
| ३४ | मकवानपूर जिल्ला अदालत | २६५६३१०२२।३५ | ७५८११३७५।०३ | ३४१४४२३९७।३८ | १५२०८२१४।८० | ३२६२३४१८२।५८ | ४.४५ |
| ३५ | चितवन जिल्ला अदालत | १५९८०५६८९।८५ | ४७४९४८६५।३२ | २०७३००५५५।१७ | ३९९०२७९६।९३ | १६७३९७७५८।२४ | १९.२५ |
| | **जम्मा** | **४२५४३६७१२।२०** | **१२३३०६२४०।३५** | **५४८७४२९५२।५५** | **५५१११०११।७३** | **४९३६३१९४०।८२** | १०.०४ |
| **बागमति प्रदेशको कुल जम्मा** | | ११२०६६१००२५।१२ | १५३६११२६१६।७० | १२७४२७२२६४१।८२ | ११३५८५९४७६।५६ | ११६०६८६३१६५।२६ | ८.९१ |
| **उच्च अदालत पोखरा** | | | | | | | |
| ३६ | कास्की जिल्ला अदालत | ३१०९४८०५९।०० | ९८४६३९४५।०० | ४०९४१२००४।०० | ६९१४३२६२।०० | ३४०२६८७४२।०० | १६.८९ |
| ३७ | तनहूं जिल्ला अदालत | ३२२९९०९९।६४ | ७१८०४२४।०० | ३९४७९५२३।६४ | ६५८२११७।०० | ३२८९७४०६।६४ | १६.६७ |
| ३८ | लमजूङ् जिल्ला अदालत | ५८४५२०११।१२ | १८१६६९५८।०० | ७६६१८९६९।१२ | १८३२८०९२।०० | ५८२९०८७७।१२ | २३.९२ |
| ३९ | मनाङ् जिल्ला अदालत | ३१४६२६३।२२ | २०००।०० | ३१४८२६३।२२ | १०५२०००।०० | २०९६२६३।२२ | ३३.४२ |
| ४० | गोरखा जिल्ला अदालत | १४८७२९०३६।३३ | ५१०३१३३५।०० | १९९७६०३७१।३३ | १०६४०५४६।०० | १८९११९८२५।३३ | ५.३३ |
| ४१ | स्याङ्जा जिल्ला अदालत | ३१९६३४९५।१९ | ४६००२२३६।१० | ७७९६५७३१।२९ | ९१११२११।०० | ६८८५४५२०।२९ | ११.६९ |
| ४२ | नवलपूर जिल्ला अदालत | १५३३१३३०।५५ | १०६७२७६३।०० | २६००४०९३।५५ | ८८४६९७३।५० | १७१५७१२०।०५ | ३४.०२ |
| | **जम्मा** | **६००८६९२९५।०५** | **२३१५१९६६१।१०** | **८३२३८८९५६।१५** | **१२३७०४२०१।५०** | **७०८६८४७५४।६५** | १४.८६ |
| **उच्च अदालत पोखराको इजलास बाग्लूङ इजलास मातहत** | | | | | | | |
| ४३ | म्याग्दी जिल्ला अदालत | ५५२८००७६।०० | ६९०६४१०।५० | ६२१८६४८६।५० | १८४८९६०३।०० | ४३६९६८८३।५० | २९.७३ |
| ४४ | मूस्ताङ् जिल्ला अदालत | १८४५५०८।२० | १३६६६७।०० | १९८२१७५।२० | १३८३३४।०० | १८४३८४१।२० | ६.९८ |
| ४५ | बाग्लूङ जिल्ला अदालत | १८६२३७६३।५० | १३७५०९२७।०० | ३२३७४६९०।५० | ३८७९९५७।०० | २८४९४७३३।५० | ११.९८ |
| ४६ | पर्वत जिल्ला अदालत | ३५७२३४००।७८ | १९१६९०५४।०० | ५४८९२४५४।७८ | १७५९५९०।०० | ५३१३२८६४।७८ | ३.२१ |
| | **जम्मा** | **१११४७२७४८।४८** | **३९९६३०५८।५०** | **१५१४३५८०६।९८** | **२४२६७४८४।००** | **१२७१६८३२२।९८** | १६.०२ |
| **प्रदेश नं. ४ को कुल जम्मा** | | **७१२३४२०४३।५३** | **२७१४८२७१९।६०** | **९८३८२४७६३।१३** | **१४७९७१६८५।५०** | **८३५८५३०७७।६३** | १५.०४ |
| **उच्च अदालत तुलसीपूर** | | | | | | | |
| ४७ | पूर्वी रुकूम जिल्ला अदालत | ८६५३१५।५० | १७२६२९१३।६७ | १८१२८२२९।१७ | ५७४०५६२।५० | १२३८७६६६।६७ | ३१.६७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४८ | रोल्पा जिल्ला अदालत | ९१२१८०९।४७ | ९०१९०००।०० | १८१४०८०९।४७ | १२८६३४९।४७ | १६८५४४६०।०० | ७.०९ |
| ४९ | दाङ जिल्ला अदालत | ६४८३६३७८।४७ | ४५४३१०३४।०० | ११०२६७४१२।४७ | ३३६०४३८६।४७ | ७६६६३०२६।०० | ३०.४८ |
| ५० | प्युठान जिल्ला अदालत | ६२०७०४८।७४ | ५५८८३७०।०० | ११७९५४१८।७४ | ३२१८८००।०० | ८५७६६१८।७४ | २७.२९ |
| | **जम्मा** | **८१०३०५५२।१८** | **७७३०१३१७।६७** | **१५८३३१८६९।८५** | **४३८५००९८।४४** | **११४४८१७७१।४१** | २७.७० |
| **उच्च अदालत तलसीपूरको इजलास बुटवल इजलास मातहत** | | | | | | | |
| ५१ | रुपन्देही जिल्ला अदालत | ४७४०२०७२७।४३ | २५७२८४९१।०० | ४९९७४९२१८।४३ | ३४२४४९४५।४३ | ४६५५०४२७३।०० | ६.८५ |
| ५२ | नवलपरासी जिल्ला अदालत | ९३३२९२६५।०१ | ३२५७२२६।०० | ९६५८६४९१।०१ | ७७३७७२३।५३ | ८८८४८७६७।४८ | ८.०१ |
| ५३ | कपिलवस्तू जिल्ला अदालत | ५०६९७९४२।४७ | ६६८४४२३३।५० | ११७५४२१७५।९७ | १४८८१४६५।३० | १०२६६०७१०।६७ | १२.६६ |
| ५४ | पाल्पा जिल्ला अदालत | ८७८३७९७९।०० | ६४४७५४४।०० | ९४२८५५२३।०० | १८५१२८२।०० | ९२४३४२४१।०० | १.९६ |
| ५५ | गूल्मी जिल्ला अदालत | ६२३२३३५८।७० | २४९००१००।८७ | ८७२२३४५९।५७ | २४५७८३२।६८ | ८४७६५६२६।८९ | २.८२ |
| ५६ | अर्घाखांची जिल्ला अदालत | २२६९२९३२।१४ | १०३२८६०।५४ | २३७२५७९२।६८ | ५७४३३१।०० | २३१५१४६१।६८ | २.४२ |
| | **जम्मा** | **७९०९०२२०४।७५** | **१२८२१०४५५।९१** | **९१९११२६६०।६६** | **६१७४७५७९।९४** | **८५७३६५०८०।७२** | ६.७२ |
| **उच्च अदालत तुलसीपूरको इजलास नेपालगंज इजलास मातहत** | | | | | | | |
| ५७ | बांके जिल्ला अदालत | ७७३८३८७५।०० | ७१९७९५४१।०० | १४९३६३४१६।०० | ३८६०१६९९।०० | ११०७६१७१७।०० | २५.८४ |
| ५८ | बर्दिया जिल्ला अदालत | २२९३२२२९।०० | ४०७९८४२५।०० | ६३७३०६५४।०० | ३२८८६५६२।०० | ३०८४४०९२।०० | ५१.६० |
| | **जम्मा** | **१००३१६१०४।००** | **११२७७७९६६।००** | **२१३०९४०७०।००** | **७१४८८२६१।००** | **१४१६०५८०९।००** | ३३.५५ |
| **प्रदेश नं. ५ को कुल जम्मा** | | ९७२२४८८६०।९३ | ३१८२८९७३९।५८ | १२९०५३८६००।५१ | १७७०८५९३९।३८ | १११३४५२६६१।१३ | १३.७२ |
| **उच्च अदालत सूर्खेत** | | | | | | | |
| ५९ | सूर्खेत जिल्ला अदालत | ३०८०४८०३।९५ | १५४५१९०८।६२ | ४६२५६७१२।५७ | ५९९६५७५।०० | ४०२६०१३७।५७ | १२.९६ |
| ६० | सल्यान जिल्ला अदालत | ६४९३२०३।०० | ७५०९६४०।०० | १४००२८४३।०० | १५५९६६९।५० | १२४४३१७३।५० | ११.१४ |
| ६१ | जाजरकोट जिल्ला अदालत | १२३२६७७७।०० | ३९१०९५०।०० | १६२३७७२७।०० | ११५७१८२०।०० | ४६६५९०७।०० | ७१.२७ |
| ६२ | दैलेख जिल्ला अदालत | ६११६४५९।०० | २९७३१७०।६२ | ९०८९६२९।६२ | २५३७४५२।१७ | ६५५२१७७।४५ | २७.९२ |
| ६३ | रुकूम जिल्ला अदालत | १४७२००३१।७९ | ७०१८४५९।४७ | २१७३८४९१।२६ | १०३३५०६।०० | २०७०४९८५।२६ | ४.७५ |
| | **जम्मा** | **७०४६१२७४।७४** | **३६८६४१२८।७१** | **१०७३२५४०३।४५** | **२२६९९०२२।६७** | **८४६२६३८०।७८** | २१.१५ |
| **उच्च अदालत सूर्खेतको इजलास जूम्ला इजलास मातहत** | | | | | | | |
| ६४ | हूम्ला जिल्ला अदालत | २२३२७३१८।०० | १००८०००।०० | २३३३५३१८।०० | ५६९३८०।०० | २२७६५९३८।०० | २.४४ |
| ६५ | जूम्ला जिल्ला अदालत | ५११४४१८।७४ | १९०३०९२।०० | ७०१७५१०।७४ | ५५२४४२।६६ | ६४६५०६८।०८ | ७.८७ |
| ६६ | मूगू जिल्ला अदालत | ९८६४२९।०० | २०९८९३१।०० | ३०८५३६०।०० | ३०३८९।०० | ३०५४९७१।०० | ०.९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६७ | डोल्पा जिल्ला अदालत | ४१०३९००।०० | ४४१४७८०।०० | ८५१८६८०।०० | २१२३३४।०० | ८३०६३४६।०० | २.४९ |
| ६८ | कालिकोट जिल्ला अदालत | ८८४३८००।९७ | ३४१६७३०।०० | १२२६०५३०।९७ | ३६२४३६।०० | ११८९८०९४।९७ | २.९६ |
| | **जम्मा** | **४१३७५८६६।७१** | **१२८४१५३३।००** | **५४२१७३९९।७१** | **१७२६९८१।६६** | **५२४९०४१८।०५** | ३.१९ |
| **कर्णाली प्रदेशको कुल जम्मा** | | ११११८३७१४१।४५ | ४९७०५६६१।७१ | १६१५४२८०३।१६ | २४४२६००४।३३ | १३७११६७९८।८३ | १५.१२ |
| **उच्च अदालत दिपायल** | | | | | | | |
| ६९ | बाजूरा जिल्ला अदालत | ६२५२४६२।२५ | ४१८७२५०।०० | १०४३९७१२।२५ | २४३८८४।०० | १०१९५८२८।२५ | २.३४ |
| ७० | बझाङ् जिल्ला अदालत | १५१६५८०१६।९० | १३११३७९२।०८ | १६४७७१८०८।९८ | १०५३८४८२४।८० | ५९३८६९८४।१८ | ६३.९६ |
| ७१ | डोटी जिल्ला अदालत | ९०२५१५१।०० | २२०९४३४।०० | ११२३४५८५।०० | ५५९९६५४।०० | ५६३४९३१।०० | ४९.८४ |
| ७२ | अछाम जिल्ला अदालत | ३६८३४९२४।६० | ६५३३१६७।०० | ४३३६८०९१।६० | ३१८८७५।०० | ४३०४९२१६।६० | ०.७४ |
| ७३ | कैलाली जिल्ला अदालत | ११४९८८६७३।२४ | ३५१४५१३०।५१ | १५०१३३८०३।७५ | ४०६०१३८।८६ | १४६०७३६६४।८९ | २.७० |
| | **जम्मा** | **३१८७५९२२७९९** | **६११८८७७३।५९** | **३७९९४८००१।५८** | **११५६०७३७६।६६** | **२६४३४०६२४।९२** | ३०.४३ |
| **उच्च अदालत दिपायलको इजलास महेन्द्रनगर इजलास मातहत** | | | | | | | |
| ७४ | कञ्चनपूर जिल्ला अदालत | ६१३००५१५।६३ | १५५४१२५६।०० | ७६८४१७७१।६३ | ३७६९३४६।६३ | ७३०७२४२५।०० | ४.९१ |
| ७५ | दार्चूला जिल्ला अदालत | २४६४७६५४।०० | ११४४९००।०० | २५७९२५५४।०० | २२२०६२०।०० | २३५७१९३४।०० | ८.६१ |
| ७६ | बैतडी जिल्ला अदालत | ४२७७७१३।०० | ४७६६८७२।०० | ९०४४५८५।०० | २०८२८३६।०० | ६९६१७४९।०० | २३.०३ |
| ७७ | डडेलधूरा जिल्ला अदालत | १२७९०३५०।९८ | ७४१८२२३।०० | २०२०८५७३।९८ | ७७६१७५९।६५ | १२४४६८१४।३३ | ३८.४१ |
| | **जम्मा** | **१०३०१६२३३।६१** | **२८८७१२५१।००** | **१३१८८७४८४।६१** | **१५८३४५६२।२८** | **११६०५२९२२।३३** | १२.०१ |
| **प्रदेश नं. ७ को कुल जम्मा** | | **४२१७७५४६१।६०** | **९००६००२४।५९** | **५११८३५४८६।१९** | **१३१४४१९३८।९४** | **३८०३९३५४७।२५** | २५.६८ |
| **सबै अदालतको कुल जम्मा** | | **१६७२११८४६६६।५३** | **३३१०६८८८५७।१६** | **२००३१८७३५२३।६९** | **२२८३७४३९८८।५८** | **१७७४८१२९५३५।११** | ११.४० |

# अनुसूची - २

## कैदको असुल फछ्यौंट र बाँकीको विवरण

| सि. नं. | जिल्ला अदालतत | जिम्मेवारी | | | नया लगत | | | जम्मा लगत | | | फछ्यौट | | | वांकी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बर्ष | महिना | दिन | बर्ष | महिना | दिन | बर्ष | महिना | दिन | बर्ष | महिना | दिन | बर्ष | महिना | दिन | |
| उच्च अदालत विराटनगर | | | | | | | | | | | | | | | | | |
| १ | मोरङ्ग जिल्ला अदालत | ५०७१ | ११ | १४ | १९१७ | ४ | ९ | ६९८९ | ३ | २३ | १६३८ | ३ | २० | ५३५१ | ० | ३ | २३.४४ |
| २ | सुनसरी जिल्ला अदालत | ३५९१ | १० | ११ | २३१३ | ११ | २९ | ५९०५ | १० | १० | २२४१ | २ | २० | ३६६४ | ७ | २० | ३७.९५ |
| | **जम्मा** | **८६६३** | **९** | **२५** | **४२३१** | **४** | **८** | **१२८९५** | **२** | **३** | **३८७९** | **६** | **१०** | **९०१५** | **७** | **२३** | |
| उच्च अदालत विराटनगर इलाम इजलास मातहत | | | | | | | | | | | | | | | | | |
| ३ | इलाम जिल्ला अदालत | १७०२ | २ | १० | ५९५ | ५ | १७ | २२९७ | ७ | २७ | ८६३ | १० | १० | १४३३ | ९ | १७ | ३७.५७ |
| ४ | पांचथर जिल्ला अदालत | ५७४ | ११ | १७ | ३६६ | १० | ७ | ९४१ | ९ | २४ | ३०९ | ३ | ७ | ६३२ | ६ | १७ | ३२.८४ |
| ५ | झापा जिल्ला अदालत | ४६३९ | ३ | ९ | १७५४ | ९ | २८ | ६३९४ | १ | ७ | २०९८ | ९ | १० | ४२९५ | ३ | २७ | ३२.८१ |
| ६ | ताप्लेजूङ्ग जिल्ला अदालत | १२९६ | ७ | १ | ३९९ | ११ | २९ | १६९६ | ७ | ० | ५४५ | ० | २२ | ११५१ | ६ | ८ | ३२.१३ |
| | **जम्मा** | **८२१३** | **०** | **७** | **३११७** | **१** | **२१** | **११३३०** | **१** | **२८** | **३८१६** | **११** | **१९** | **७५१३** | **२** | **९** | |
| उच्च अदालत विराटनगर धनकुटा इजलास मातहत | | | | | | | | | | | | | | | | | |
| ७ | धनकूटा जिल्ला अदालत | ६८५ | ९ | २९ | ४४ | ३ | २३ | ७३० | १ | २२ | ६५ | १ | २७ | ६६४ | ११ | २५ | ८.९० |
| ८ | भोजपूर जिल्ला अदालत | १३६२ | १ | ५ | ५४५ | ११ | २१ | १९०८ | ० | २६ | १०८२ | ९ | ९ | ८२५ | ३ | १७ | ५६.७१ |
| ९ | तेह्रथूम जिल्ला अदालत | ४९८ | ५ | ११ | ३५० | ५ | ६ | ८४८ | १० | १७ | ६६ | ० | २ | ७८२ | १० | १५ | ७.७८ |
| १० | संखूवासभा जिल्ला अदालत | ९२० | २ | ६ | ३४८ | ७ | २९ | १२६८ | १० | ५ | ३१४ | २ | २७ | ९५४ | ७ | ८ | २४.७६ |
| | **जम्मा** | **३४६६** | **६** | **२१** | **१२८९** | **४** | **१९** | **४७५५** | **११** | **१०** | **१५२८** | **२** | **५** | **३२२७** | **९** | **५** | |
| उच्च अदालत विराटनगर ओखलढंगा इजलास मातहत | | | | | | | | | | | | | | | | | |
| ११ | ओखलढूङा जिल्ला अदालत | ६७४ | ७ | १८ | २२७ | ५ | १६ | ९०२ | १ | ४ | १५२ | ७ | १२ | ७४९ | ५ | २२ | १६.८५ |
| १२ | खोटाङ्ग जिल्ला अदालत | ७०१ | ७ | १६ | २४६ | ७ | १ | ९४८ | २ | १७ | १६५ | ५ | १८ | ७८२ | ८ | २९ | १७.४१ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | सोलूखुम्बू जिल्ला अदालत | ४११ | १ | १५ | २८४ | २ | १२ | ६९५ | ३ | २७ | ३२७ | ५ | १३ | ३६७ | १० | १४ | ४७.०५ |
| १४ | उदयपुर जिल्ला अदालत | १९६७ | ४ | १ | १०५३ | १ | १२ | ३०२० | ५ | १३ | ८०७ | २ | १९ | २२१३ | २ | २४ | २६.७२ |
| | **जम्मा** | **३७५४** | **८** | **२०** | **१८११** | **४** | **११** | **५५६६** | **१** | **१** | **१४५२** | **९** | **२** | **४११३** | **३** | **२९** | |
| | **उ.अ.जम्मा** | **२४०९६** | **२३** | **७३** | **१०४४८** | **१३** | **५९** | **३४५४६** | **१५** | **४२** | **१०६७५** | **२८** | **३६** | **२३८६८** | **२१** | **६६** | |
| **प्रदेश नं.1 को जम्मा** | | **२४०९८** | **१** | **१३** | **१०४४९** | **२** | **२९** | **३४५४७** | **४** | **१२** | **१०६७७** | **५** | **६** | **२३८६९** | **११** | **६** | ३०.९१ |
| **उच्च अदालत जनकपुर** | | | | | | | | | | | | | | | | | |
| १५ | धनूषा जिल्ला अदालत | ४७६५ | ५ | २८ | ९१४ | २ | २५ | ५६७९ | ८ | २३ | ८७० | १ | १० | ४८०९ | ७ | १३ | १५.३२ |
| १६ | महोत्तरी जिल्ला अदालत | २०९७ | ५ | १० | ४४३ | ६ | १४ | २५४० | ११ | २४ | २८४ | ८ | ३ | २२५६ | ३ | २१ | ११.१८ |
| १७ | सर्लाही जिल्ला अदालत | ५१८१ | ३ | १९ | ७५५ | ९ | १ | ५९३७ | ० | २० | ६४० | १० | १४ | ५२९६ | २ | ६ | १०.७८ |
| | **जम्मा** | **१२०४४** | **२** | **२७** | **२११३** | **६** | **१०** | **१४१५७** | **९** | **७** | **१७९५** | **७** | **२७** | **१२३६२** | **१** | **१०** | |
| **उच्च अदालत जनकपुर राजविराज इजलास मातहत** | | | | | | | | | | | | | | | | | |
| १८ | सप्तरी जिल्ला अदालत | २८७४ | १ | ६ | ५५२ | १० | १० | ३४२६ | ११ | १६ | ७५७ | ० | ० | २६६९ | ११ | १६ | २२.१० |
| १९ | सिराहा जिल्ला अदालत | १७५९ | १० | २६ | ८३४ | १० | ९ | २५९४ | ९ | ५ | ६०७ | ४ | ९ | १९८७ | ४ | २६ | २३.४० |
| | **जम्मा** | **४६३४** | **०** | **२** | **१३८७** | **८** | **१९** | **६०२१** | **८** | **२१** | **१३६४** | **४** | **९** | **४६५७** | **४** | **१२** | |
| **उच्च अदालत जनकपुर विरगंज इजलास मातहत** | | | | | | | | | | | | | | | | | |
| २० | वारा जिल्ला अदालत | १३३५ | १ | १ | ४५७ | १० | २० | १७९२ | ११ | २१ | ४४९ | १० | १७ | १३४३ | १ | ४ | २५.०६ |
| २१ | पर्सा जिल्ला अदालत | २१६२ | ७ | २१ | ६०३ | ८ | २० | २७६६ | ४ | ११ | ६२३ | ५ | २८ | २१४२ | १० | १३ | २२.५२ |
| २२ | रौतहट जिल्ला अदालत | २२९७ | ० | १६ | ५०९ | २ | २० | २८०६ | ३ | ६ | ३१० | १० | १० | २४९५ | ४ | २६ | ११.०५ |
| | **जम्मा** | **५७९४** | **९** | **८** | **१५७०** | **१०** | **०** | **७३६५** | **७** | **८** | **१३८४** | **२** | **२५** | **५९८१** | **४** | **१३** | |
| | **उ.अ.जम्मा** | **२२४७२** | **११** | **३७** | **५०७०** | **२४** | **२९** | **२७५४३** | **२४** | **३६** | **४५४३** | **१३** | **६१** | **२३०००** | **९** | **३५** | |
| **मधेश प्रदेशको जम्मा** | | **२२४७३** | **०** | **७** | **५०७२** | **०** | **२९** | **२७५४५** | **१** | **६** | **४५४४** | **३** | **१** | **२३०००** | **१०** | **५** | १६.५० |
| **उच्च अदालत पाटन** | | | | | | | | | | | | | | | | | |
| २३ | काठमाण्डौं जिल्ला अदालत | ७६२३ | १० | १९ | ४४३५ | ११ | २५ | १२०५९ | १० | १४ | ५८०६ | ७ | २९ | ६२५३ | २ | १५ | ४८.१५ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | ललितपूर जिल्ला अदालत | १७८४ | ४ | २७ | ४८० | १० | १४ | २२६५ | ३ | ११ | ५१५ | १० | २९ | १७४९ | ४ | १२ | २२.७४ |
| २५ | भक्तपूर जिल्ला अदालत | ८३७ | ८ | २२ | १७४४ | ११ | ५ | २५८२ | ७ | २७ | १३३२ | २ | २२ | १२५० | ५ | ५ | ५१.५९ |
| २६ | काभ्रेपलाञ्चोक जिल्ला अदालत | १०५० | ५ | २८ | ६४७ | ५ | २५ | १६९७ | ११ | २३ | ५६८ | ६ | २९ | ११२९ | ४ | २४ | ३३.४७ |
| २७ | धादिङ्ग जिल्ला अदालत | ९१५ | ११ | २१ | ४३५ | ० | २७ | १३५१ | ० | १८ | ५४७ | ८ | १० | ८०३ | ४ | ८ | ४०.४९ |
| २८ | सिन्धूपाल्चोक जिल्ला अदालत | १६०५ | १० | ४ | ४१६ | २ | १३ | २०२२ | ० | १७ | ५२४ | ६ | ८ | १४९७ | ६ | ९ | २५.९१ |
| २९ | नूवाकोट जिल्ला अदालत | १७७२ | १ | २२ | ९५६ | ८ | ११ | २७२८ | १० | ३ | ९२१ | ६ | २६ | १८०७ | ३ | ७ | ३३.७६ |
| ३० | रसूवा जिल्ला अदालत | १०२ | ८ | ८ | १४६ | ६ | ० | २४९ | २ | ८ | १४८ | ० | ० | १०१ | २ | ८ | ५९.४४ |
| ३१ | दोलखा जिल्ला अदालत | ५७१ | ११ | २ | १५० | ४ | १ | ७२२ | ३ | ३ | २४० | ४ | १ | ४८१ | ११ | २ | ३३.२४ |
| ३२ | रामेछाप जिल्ला अदालत | ३६७ | ६ | १९ | १४२ | ११ | १७ | ५१० | ६ | ६ | १०८ | ११ | २५ | ४०१ | ६ | ११ | २१.१८ |
| ३३ | सिन्धूली जिल्ला अदालत | १०२० | ० | १३ | ६८ | ५ | १२ | १०८८ | ५ | २५ | ३३५ | ६ | ८ | ७५२ | ११ | १७ | ३०.७९ |
| | **जम्मा** | **१७६५२** | **८** | **५** | **९६२५** | **६** | **०** | **२७२७८** | **२** | **५** | **११०५०** | **०** | **७** | **१६२२८** | **१** | **२८** | |
| **उच्च अदालत पाटन हेटौंडा इजलास मातहत** | | | | | | | | | | | | | | | | | |
| ३४ | मकवानपूर जिल्ला अदालत | ३५९६ | ३ | २६ | ७६५ | ५ | २९ | ४३६१ | ९ | २५ | ५९५ | ८ | १६ | ३७६६ | १ | ९ | १३.६४ |
| ३५ | चितवन जिल्ला अदालत | २६६८ | ६ | २० | १०९३ | ५ | ६ | ३७६१ | ११ | २६ | १२५९ | २ | २१ | २५०२ | ९ | ५ | ३३.४८ |
| | **जम्मा** | **६२६४** | **१०** | **१६** | **१८५८** | **११** | **५** | **८१२३** | **९** | **२१** | **१८५४** | **११** | **७** | **६२६८** | **१०** | **१४** | |
| | **उ.अ.जम्मा** | **२३९१६** | **१८** | **२१** | **११४८३** | **१७** | **५** | **३५४०१** | **११** | **२६** | **१२९०४** | **११** | **१४** | **२२४९६** | **११** | **४२** | |
| **बागमती प्रदेशको जम्मा** | | **२३९१७** | **६** | **२१** | **११४८४** | **५** | **५** | **३५४०१** | **११** | **२६** | **१२९०४** | **११** | **१४** | **२२४९७** | **०** | **१२** | ३६.४५ |
| **उच्च अदालत पोखरा** | | | | | | | | | | | | | | | | | |
| ३६ | कास्की जिल्ला अदालत | २६३८ | ७ | १६ | १३९१ | ३ | १५ | ४०२९ | ११ | १ | १८४२ | १ | १० | २१८७ | ९ | २१ | ४५.७२ |
| ३७ | तनहूं जिल्ला अदालत | ७३४ | ६ | १७ | ३७४ | ८ | २१ | ११०९ | ३ | ८ | ३३२ | १ | १९ | ७७७ | १ | १९ | २९.९४ |
| ३८ | लमजूङ् जिल्ला अदालत | ३२५ | १ | २९ | १५२ | १२ | २६ | ४७८ | २ | २५ | १८४ | ४ | २१ | २९३ | १० | ४ | ३८.४९ |
| ३९ | मनाङ् जिल्ला अदालत | २५६ | ५ | १६ | ० | २ | ० | २५६ | ७ | १६ | ३० | २ | ० | २२६ | ५ | १६ | ११.७२ |
| ४० | गोरखा जिल्ला | ५९२ | ४ | १ | ४३९ | ६ | २५ | १०३१ | १० | २६ | २८० | ४ | १५ | ७५१ | ६ | ११ | २७.१६ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अदालत | | | | | | | | | | | | | | | | |
| ४१ | स्याङ्जा जिल्ला अदालत | ११११ | ९ | १३ | ७३२ | ११ | २७ | १८४४ | ९ | १० | ७४५ | ८ | ११ | १०९९ | ० | २९ | ४०.४० |
| ४२ | नवलपूर जिल्ला अदालत | १०२ | ६ | २७ | ४४५ | ११ | ४ | ५४८ | ६ | १ | ४३५ | ९ | १७ | ११२ | ९ | १४ | ७९.३८ |
| | **जम्मा** | **५७६१** | **५** | **२९** | **३५३७** | **८** | **२८** | **९२९९** | **२** | **२७** | **३८५०** | **७** | **३** | **५४४८** | **७** | **२४** | ४१.४० |
| **उच्च अदालत पोखरा बागलुङ इजलास मातहत** | | | | | | | | | | | | | | | | | |
| ४३ | म्याग्दी जिल्ला अदालत | ७७२ | ५ | १७ | ४९० | ६ | २० | १२६३ | ० | ७ | ४८० | ९ | २३ | ७८२ | २ | १४ | ३८.०० |
| ४४ | मूस्ताङ् जिल्ला अदालत | ५५ | १ | १५ | २९ | ३ | २ | ८४ | ४ | १७ | २५ | ११ | २ | ५८ | ५ | १५ | २९.७६ |
| ४५ | बाग्लूङ जिल्ला अदालत | ६१० | ५ | ७ | ९४ | ११ | ३ | ७०५ | ४ | १० | १७० | ५ | २२ | ५३४ | १० | १८ | २४.११ |
| ४६ | पर्वत जिल्ला अदालत | ८७५ | ६ | १६ | २१२ | ११ | ११ | १०८८ | ५ | २७ | १२१ | ९ | ५ | ९६६ | ८ | २२ | ११.१२ |
| | **जम्मा** | **२३१३** | **६** | **२५** | **८२७** | **८** | **६** | **३१४१** | **३** | **१** | **७९८** | **११** | **२२** | **२३४२** | **३** | **९** | |
| | **उ.अ.जम्मा** | **८०७४** | **११** | **५४** | **४३६४** | **१६** | **३४** | **१२४४०** | **५** | **२८** | **४६४८** | **१८** | **२५** | **७७९०** | **१०** | **३३** | |
| **गण्डकी प्रदेशको जम्मा** | | **८०७५** | **०** | **२४** | **४३६५** | **५** | **४** | **१२४४०** | **५** | **२८** | **४६४९** | **६** | **२५** | **७७९०** | **११** | **३** | |
| **उच्च अदालत तुल्सीपुर** | | | | | | | | | | | | | | | | | |
| ४७ | पूर्वी रुकूम जिल्ला अदालत | १२६ | ५ | ६ | २३१ | २ | २३ | ३५७ | ७ | २९ | २३९ | ८ | २८ | ११७ | ११ | १ | ६६.९५ |
| ४८ | रोल्पा जिल्ला अदालत | ११०३ | ४ | २१ | ५४४ | २ | १४ | १६४७ | ७ | ५ | ५८७ | ८ | २५ | १०५९ | १० | १० | ३५.६४ |
| ४९ | दाङ जिल्ला अदालत | १२०७ | १० | १० | १२१३ | ११ | १४ | २४२१ | ९ | २४ | १२२४ | १० | १४ | ११९६ | ११ | १० | ५०.५६ |
| ५० | प्युठान जिल्ला अदालत | ८५९ | २ | १२ | ३८२ | २ | ६ | १२४१ | ४ | १८ | ३७९ | ३ | ६ | ८६२ | १ | १२ | ३०.५४ |
| | **जम्मा** | **३२९६** | **१०** | **१९** | **२३७१** | **६** | **२७** | **५६६८** | **५** | **१६** | **२४३१** | **७** | **१३** | **३२३६** | **१०** | **३** | |
| **उच्च अदालत तुल्सीपुर बुटवल इजलास मातहत** | | | | | | | | | | | | | | | | | |
| ५१ | रुपन्देही जिल्ला अदालत | ३१६९ | ११ | २९ | १६२५ | ११ | १० | ४७९५ | ११ | ९ | १३१८ | २ | २५ | ३४७७ | ८ | १४ | २७.४९ |
| ५२ | नवलपरासी जिल्ला अदालत | ३१७१ | ८ | २२ | ३१३ | ६ | १३ | ३४८५ | ३ | ५ | ६६५ | ३ | १७ | २८१९ | ११ | १८ | १९.०८ |
| ५३ | कपिलवस्तू जिल्ला अदालत | ३९८६ | ० | २३ | ७९८ | ३ | १८ | ४७८४ | ४ | ११ | १०४९ | १ | २९ | ३७३५ | २ | १२ | २१.९३ |
| ५४ | पाल्पा जिल्ला अदालत | ३२८ | ६ | १९ | ३९८ | ७ | १७ | ७२७ | २ | ६ | ४१७ | ९ | १८ | ३०९ | ४ | १८ | ५७.३६ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५५ | गुल्मी जिल्ला अदालत | ४५७ | ४ | १ | ५१४ | १० | ४ | ९७२ | २ | ५ | ४७५ | ८ | ४ | ४९६ | ६ | १ | ४८.८७ |
| ५६ | अर्घाखांची जिल्ला अदालत | ४७४ | ९ | १९ | २३४ | ६ | १० | ७०९ | ३ | २९ | २६१ | ९ | २ | ४४७ | ६ | २७ | ३६.८१ |
| | **जम्मा** | **११५८८** | **५** | **२३** | **३८८५** | **९** | **१२** | **१५४७४** | **३** | **५** | **४१८७** | **११** | **५** | **११२८६** | **४** | **०** | |
| **उच्च अदालत तुल्सीपुर नेपालगंज इजलास मातहत** | | | | | | | | | | | | | | | | | |
| ५७ | बांके जिल्ला अदालत | २४७१ | ५ | २४ | १३७० | ६ | १८ | ३८४२ | ० | १२ | १०४० | ३ | १ | २८०१ | ९ | ११ | २७.०७ |
| ५८ | बर्दिया जिल्ला अदालत | १८५४ | ३ | ५ | ४९५ | ८ | १ | २३४९ | ११ | ६ | ८४२ | ४ | ५ | १५०७ | ७ | १ | ३५.८५ |
| | **जम्मा** | **४३२५** | **८** | **२९** | **१८६६** | **२** | **१९** | **६१९१** | **११** | **१८** | **१८८२** | **७** | **६** | **४३०९** | **४** | **१२** | |
| | **उ.अ.जम्मा** | **१९२०९** | **२३** | **७१** | **८१२२** | **१७** | **५८** | **२७३३३** | **१९** | **३९** | **८५००** | **२५** | **२४** | **१८८३१** | **१८** | **१५** | |
| **लुम्बिनी प्रदेशको जम्मा** | | **१९२११** | **१** | **११** | **८१२३** | **६** | **२८** | **२७३३४** | **८** | **९** | **८५०२** | **१** | **२४** | **१८८३२** | **६** | **१५** | |
| **उच्च अदालत सुर्खेत** | | | | | | | | | | | | | | | | | |
| ५९ | सूर्खेत जिल्ला अदालत | १७०२ | ८ | ८ | ८५३ | ११ | २३ | २५५६ | ८ | १ | ६९७ | ० | १ | १८५९ | ८ | ० | २७.२७ |
| ६० | सल्यान जिल्ला अदालत | ७४० | ९ | ८ | २५९ | ८ | ० | १००० | ५ | ८ | ३१० | १० | १३ | ६८९ | ६ | २५ | ३१.०० |
| ६१ | जाजरकोट जिल्ला अदालत | ४२७ | ८ | ११ | १३२ | ७ | १ | ५६० | ३ | १२ | १६४ | ११ | १९ | ३९५ | ३ | २३ | २९.२९ |
| ६२ | दैलेख जिल्ला अदालत | ३९९ | २ | २१ | ४१० | २ | ७ | ८०९ | ४ | २८ | ३४३ | ५ | २६ | ४६५ | ११ | २ | ४२.४० |
| ६३ | रुकूम जिल्ला अदालत | २६७ | ९ | १५ | ३१० | १ | १५ | ५७७ | ११ | ० | ७७ | ११ | ० | ५०० | ० | ० | १३.३४ |
| | **जम्मा** | **३५३८** | **२** | **३** | **१९६६** | **६** | **१६** | **५५०४** | **८** | **१९** | **१५९३** | **२** | **२९** | **३९१०** | **५** | **२०** | |
| **उच्च अदालत सुर्खेत जुम्ला इजलास मातहत** | | | | | | | | | | | | | | | | | |
| ६४ | हूम्ला जिल्ला अदालत | २०७ | ७ | ९ | ३५ | ११ | ३ | २४३ | ६ | १२ | १६१ | ८ | २३ | ८१ | ९ | १९ | ६६.२६ |
| ६५ | जूम्ला जिल्ला अदालत | १२४ | ८ | १९ | ५७ | ९ | २० | १८२ | ६ | ९ | ६० | ७ | २७ | १२१ | १० | १२ | ३२.९७ |
| ६६ | मूगू जिल्ला अदालत | १७२ | १० | ४ | १६८ | ४ | १० | ३४१ | २ | १४ | २२५ | ९ | ७ | ११५ | ५ | ७ | ६५.९८ |
| ६७ | डोल्पा जिल्ला अदालत | ३९६ | १ | ५ | १९३ | ९ | २८ | ५८९ | ११ | ३ | ३३१ | ० | ० | २५८ | ११ | ३ | ५६.२० |
| ६८ | कालिकोट जिल्ला अदालत | ३६५ | २ | ३ | ९० | ११ | २ | ४५६ | १ | ५ | १०६ | १ | १० | ३४९ | ११ | २५ | २३.२५ |
| | **जम्मा** | **१२६६** | **५** | **१०** | **५४६** | **१०** | **३** | **१८१३** | **३** | **१३** | **८८५** | **३** | **७** | **९२८** | **०** | **६** | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **उ.अ.जम्मा** | ४८०४ | ७ | १३ | २५१२ | १६ | १९ | ७३१७ | ११ | ३२ | २४७८ | ५ | ३६ | ४८३८ | ५ | २६ | |
| **कर्णाली प्रदेशको जम्मा** | | ४८०४ | ७ | १३ | २५१३ | ४ | १९ | ७३१८ | ० | २ | २४७९ | ६ | ६ | ४८३८ | ५ | २६ | |
| **उच्च अदालत दिपायल** | | | | | | | | | | | | | | | | | |
| ६९ | बाजूरा जिल्ला अदालत | १९० | ५ | ५ | ११८ | ७ | १७ | ३०९ | ० | २२ | १२९ | ११ | १४ | १७९ | १ | ८ | ४१.७५ |
| ७० | बझाङ् जिल्ला अदालत | २९७३ | ३ | २० | १९२ | २ | ९ | ३१६५ | ५ | २९ | २२११ | ६ | २६ | ९५३ | ११ | ३ | ६९.८६ |
| ७१ | डोटी जिल्ला अदालत | ८१३ | ३ | ५ | १६५ | ९ | १६ | ९७९ | ० | २१ | ५६७ | १० | २९ | ४११ | १ | २२ | ५७.९२ |
| ७२ | अछाम जिल्ला अदालत | २१८ | १ | २५ | २२१ | ७ | २ | ४३९ | ८ | २७ | १२१ | ११ | ८ | ३१७ | ९ | १९ | २७.५६ |
| ७३ | कैलाली जिल्ला अदालत | १६५१ | ७ | १५ | १२२६ | ११ | १२ | २८७८ | ६ | २७ | १२०५ | ४ | २९ | १६७३ | १ | २८ | ४१.८७ |
| | **जम्मा** | ५८४६ | ९ | १० | १९२५ | १ | २६ | ७७७१ | ११ | ६ | ४२३६ | ९ | १६ | ३५३५ | १ | २० | |
| **उच्च अदालत दिपायल महेन्द्रनगर इजलास मातहत** | | | | | | | | | | | | | | | | | |
| ७४ | कञ्चनपूर जिल्ला अदालत | २०८८ | ५ | ९ | ५७५ | २ | ९ | २६६३ | ७ | १८ | ६११ | ५ | २९ | २०५२ | १ | १९ | २२.९४ |
| ७५ | दार्चूला जिल्ला अदालत | ४९१ | ५ | २८ | ३१ | १ | १६ | ५२२ | ७ | १४ | ३४३ | ४ | ० | १७९ | ३ | १४ | ६५.७१ |
| ७६ | बैतडी जिल्ला अदालत | २९३ | १ | ७ | ३३५ | ९ | १० | ६२८ | १० | १७ | ३९४ | २ | १५ | २३४ | ८ | २ | ६२.७४ |
| ७७ | डडेलधूरा जिल्ला अदालत | २९७ | ८ | १७ | ३०४ | ८ | १० | ६०२ | ४ | २७ | २६४ | १० | २ | ३३७ | ६ | २५ | ४३.८५ |
| | **जम्मा** | ३१७० | ९ | १ | १२४६ | ९ | १५ | ४४१७ | ६ | १६ | १६१३ | १० | १६ | २८०३ | ८ | ० | |
| उ.अ.जम्मा | | ९०१६ | १८ | ११ | ३१७१ | १० | ४१ | १२१८८ | १७ | २२ | ५८४९ | १९ | ३२ | ६३३८ | ९ | २० | |
| **सुदुर-पश्चिम प्रदेशको जम्मा** | | ९०१७ | ६ | ११ | ३१७१ | ११ | ११ | १२१८९ | ५ | २२ | ५८५० | ८ | २ | ६३३८ | ९ | २० | ४७.९९ |
| **कुल जम्मा** | | १११५९५ | २१ | १०० | ४५१७७ | ३३ | १२५ | १५६७७४ | ३४ | १०५ | ४९६०५ | ४० | ७८ | १०७१६४ | ५२ | ८७ | |
| **सबै अदालतको कुल जम्मा** | | १११५९७ | ० | १० | ४५१८० | १ | ५ | १५६७७७ | १ | १५ | ४९६०८ | ६ | १८ | १०७१६८ | ६ | २७ | ३१.६४ |

# अनुसूची - ३

## प्रश्नावली

दण्ड जरिवानाको वर्तमान असुलीलाई अझ प्रभावकारी वनाउन गर्नु पर्ने बैकल्पिक उपायहरुको खोजी गर्ने उद्देश्यले राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा दण्ड जरिवानाको असुलीको जिम्मेवारी र यसको बैकल्पिक व्यवस्था सम्बन्धी संभाव्यता अध्ययन अनुसन्धानका लागि यो प्रश्नावली गयार गिरएको हो। प्रश्नावली मार्फत यहाँको विचार प्रस्तुत गरि सहयोग गरिदिनु हुन अनुसन्धान समिति यहाँ समक्ष सादर अनुरोध गर्दछु। यी प्रश्नावलीहरु अनुसन्धान प्रयोजनका लागि प्रयोग गरिने व्यहोरा समेत अनुरोध छ। तपाईले दिएको जवाफको गोपनियता कायम गरिने छ।

१. विवरण

१.१अदालतको नामः.............................................................................

१.२ फैसला कार्यान्वयन अधिकारी/तहसीलदारको नामः...................................................

१.३ ठेगानाः............................................................................

१.४ सम्पर्क नं..........................................................................

२. हाल फैसला कार्यान्वयनको पद्धतिमा सुधारमा आवश्यक छ या छैन?

(क) छ

(ख) छैन

३. यदि छ भने देहायका विकल्प मध्ये उपयुक्त विकल्प छान्नुहोस ?

(क) अदालतलाई समन्वय गरि प्रहरीसँग समन्वय गर्ने।

(ख) कार्यपालिका मातहतका सुरक्षा निकायलाई अदालतको राखी जिम्मेवारी दिने।

(ग) न्याय समूह भित्र उपसमूह बनाई दण्ड जरिवानाको असुलीको जिम्मेवारी तहसिल शाखालाई दिने।

(घ) अन्य

४. फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन यहाँको सुझाव उल्लेख गर्नुहोस?

.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................

**धन्यवाद!**

# सन्दर्भ सामग्री


- नेपालको संविधान
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४
- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०
- मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५
- मुलुकी देवानी कार्यविधि नियमावली, २०७५
- मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५
- फैसला कार्यान्वयन निर्देशिका, २०७५
- जिल्ला अदालत नियमावली २०७५
- उच्च अदालत नियमावली, २०७३
- सर्वोच्च अदालत नियमावली, २०७४
- न्यायपालिकाका रणनीतिक योजनाहरु, सर्वोच्च अदालत
- नेपाल कानून पत्रिकाका विभिन्न अंकहरु
- कसूर फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरु, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाण्डौ, (२०६५) ।
- *"नेपालको फौज्दारी न्यायप्रणालीको आधारभूत सर्वेक्षण"*, महान्यायाधिवक्ताको कार्यालय र सेलर्ड, २०६९
- अदालत सुदृढिकरण सुझाव समितिको प्रतिवेदन, २०५८